मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ३ • अंक २९८ • २०८२ साल असोज ०८ गते बुधबार • Wednesday 24, September 2025 • सूर्योदय: बिहान ५:५४ बजे • सूर्यास्त: साँझ ५:५९ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## पर्सामा पाठक

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साको प्रमुखमा प्रहरी उपरीक्षक सुदीपराज पाठक हाजिर भएका छन् ।

उनले मंगलबारदेखि कार्यभार सम्हालेका छन् । यसअघि गौतम मिश्र प्रहरी प्रमुख थिए । पाठक भने यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा थिए । प्रहरी उपरीक्षकका रुपमा जिल्ला कमाण्डर बनेको उनको यो पहिलो अनुभव हो । पहिलोपटक नै पर्साजस्तो महत्वपूर्ण जिल्लामा पाठकको भूमिका परीक्षण शुरु भएको छ ।

## अदालतमा उपस्थितै नभएका आरोपीको

# ५५ लाख धरौटीको स्रोत के हो ?



**मधेशदृष्टि**
**बारा ।**
आइतबार जिल्ला अदालत बाराले २३ किलो सुन काण्डमा संलग्न भारतीय नागरिक अशोक कुमार सिन्हा र उनकी छोरी निवेदिका सिन्हालाई अदालतमा उपस्थित नै नगराई धरौटीमा छोड्ने आदेश दिएपछि अनेक आशंकाहरु उब्जिएका छन् । राजस्व चुहावट तथा सम्पत्ति शुद्धिकरण मुद्दामा पेशी तोकिएको दिन उनीहरु उपस्थित नै नभइ धरौटीमा छुटेपछि यसले कानूनी राज्यको धज्जी मात्र उडेको छैन, अदालतकै असहयोगले प्रहरी प्रशासन अनेक मुद्दामा जोडिएका भारतीयलाई अनुसन्धानको दायरामा ल्याउन असफल भएको छ । अर्कातिर अदालतका न्यायाधीशको हरेक कदमको विरोध भएको छ ।

आरोपी भनेर अरु फरक दुई भारतीय नागरिकलाई अदालतमा उपस्थित गराई धरौटीमा छोडाउने काममा रक्सौलका सुन तस्करीसँगै अन्य सामानको तस्करीमा जोडिएका रिपु सदन कुमारले नै अनेक योजना बनाएर अदालत र न्यायाधीशलाई पनि सेटिङमा गुमराहमा पारेर यो बदमासी गराएका हुन् । अदालतले अशोकलाई राजस्व चुहावटमा १५ लाख रुपैयाँ र निवेदिकालाई १५ लाख रुपैयाँ धरौटीमा छाडेको थियो भने सम्पत्ति शुद्धिकरण मुद्दामा अशोकलाई १५ लाख र निवेदिकालाई १० लाख रुपैयाँ धरौटी मागेको थियो ।

आइतबारको इजलाश नम्बर १ का न्यायाधीश भोला ढकालको आदेशपछि अशोक र निवेदिकालेले ५५ लाख रुपैयाँ धरौटी बुझाएर छाडिएको भन्दै अरु नै भारतीय नागरिक अदालत परिसरबाट भागेका थिए । तर उनीहरुको नेपाली नागरिकता पनि किर्ते भनेर छानबिनका लागि प्रहरीलाई आदेश दिनु पर्नेमा अदालतले नै कीर्ते गरेपछि यतिखेर मुख्य न्यायाधीयश पनि तनाव र दबाबमा परेका छन् । दशैँको बिदा हुने अघिल्लो लिन अदालतमा हुने पातलो भिडभाडको फाइदा उठाउँदै नम्बर नै नभएको गाडीमा नक्कली आरोपी ल्याएर विदेशीलाई पुर्पक्ष हुने मुद्दामा समेत धरौटीमा छाड्न भनिएपछि अदालतका न्यायाधीश भोला ढकाल पनि छानबिनको दायरमा आउनु पर्ने आवाज उठेको छ ।

न्यायाधीशको क्वार्टरमा बस्ने घरबेटीको सहयोगमा नक्कली आरोपीहरु अदालत प्रवेश गरेका थिए र प्रहरीले घर रेकी गरेर बस्दा पनि पछाडिको ढोकाबाट उनीहरुलाई भगाइएको थियो । ५५ लाख रुपैयाँ धरौटी माग भएपछि त्यति ठूलो रकम भारतीयले कसरी जुटाएर अदालतबाट भाग्न सके भन्ने अर्को प्रश्न पनि उब्जिएको छ ।

२०७७ कात्तिक १ गते वीरगंजमा बरामद भएको २३ किलो सुनसँग जोडिएको घटनाका आरोपीलाई बारा जिल्ला अदालतका न्यायाधीश ढकालले उम्काउने काम गरेका हुन् भने यसमा योजनाकार सुनकाण्डका मुख्य कारोबारी रिपु सदन कुमार हुन् । कथम्कदाचित अदालतमा अशोक र निवेदिका उपस्थित भए सुन रिपुको भन्ने बयान आउन सक्ने भएर उनले नक्कली आरोपी खडा गरेर कीर्ते गरेका हुन् र यसमा न्यायाधीश ढकालले नै इशारा दिएका हुन् भन्ने सर्वत्र चर्चा भएको छ ।

यस विषयमा गोप्य राखेर न्यायाधीश ढकाललाई स्पष्टिकरण सोधिएको छ । अदालतको कारबाहीमा कैफियत आएको भनेर उनलाई स्पष्टिकरण सोधिएको हो । अदालतमा नआइकन आरोपी धरौटीमा छुटेको, नागरिकता छानबिन गर्न भनिएको व्यक्तिलाई प्रहरीमा नबुझाएको, प्रहरीलाई असहयोग भएको विषयमा ढकालमाथि सन्देह गरिएको छ । आरोपी भाग्ने र गाडी मात्र भेटिने गरी भएको सेटिङमा पनि रिपुले थप २० लाख रुपैयाँ खर्च गर्नु परेको स्रोतको दाबी छ ।

यही मुद्दामा अर्को पेचिलो प्रश्न हो, त्यसदिन ९ जनाको बयान थियो । ती सबै बयान कसरी चाँडै सकियो र २ नबज्दै ५५ लाख रुपैयाँ बुझाएर नक्कली आरोपीहरु भागे ? यी सबै प्रश्नहरुले बारा जिल्ला अदालतका न्यायाधीश भोला ढकालमाथि नैतिक प्रश्नहरु उब्जाएको छ । यति मात्र होइन, उनको भारतीय नागरिक तथा नेपालबाट हरेक सामानको तस्करीमा गहिरो पहुँच राख्ने रिपु सदनसँगको सामीप्यता, सम्बन्धबारे पनि अनुसन्धान हुन जरुरी देखिएको छ ।

## आजपामा पुनः प्रभुको नेतृत्व



**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टी (आजपा)को केन्द्रीय कमिटी पुनर्गठन भएको छ । प्रभु साहको अध्यक्षतामै पुनर्गठन गरिएको केन्द्रीय कमिटी ३ सय ४८ सदस्यीय बनाइएको छ ।

१४ सदस्यीय केन्द्रीय कार्यालय, केन्द्रीय कार्यालय सदस्यसहित ८७ सदस्यीय केन्द्रीय सचिवालय सदस्य र २ सय ४७ सदस्यीय केन्द्रीय सदस्यको व्यवस्था गरिएको छ । वैकल्पिक सदस्यमा १ सय १ जनालाई व्यवस्थापन गरिएको छ ।

साह अध्यक्ष, तिलक थापामगर सहअध्यक्षसहित कार्यालय सदस्यमा रीतादेवी साह, समिना हुसेन, बिल्टु यादव, अशोक कुमार लामा, त्रिभुवन साह, चन्द्रभुषण साह, धनकुमारी मगर, सुधिर यादव, सियाराम कुशवाहा, श्रीचन्द मुखिया, उमेश कुशवाहा, देवी पण्डित रेग्मी छानिएका छन् ।

यसैगरी, सचिवालय सदस्यमा श्रीलाल महासेठ, रबिन्द्र प्रसाद सिंह, जुरीलाल मोची, धर्मेन्द्र पटेल, भोजराज त्रिपाठी, लालबाबु मन्सुरी, लखिन्द्र साह, उदयचन्द्र प्रसाद, नरेश तुरहा, श्रीभगवान पटेल, राधेश्याम साह, बिजय यादव, सुभाषप्रसाद साह, रामकेशव गुप्ता, ओमप्रकाश सिंह, ममता शर्मा, भोला पाण्डे, कुमारी बबिता, रञ्जुकुमारी साह, सञ्जय यादव, बबिता यादव, गितादेवी साह, ठागा दास, बालकृष्ण सापकोटा, उमाशंकर साह, उपेन्द्र साह, पासाङ तामाङ, सराज बछार, अञ्जित कुशवाहा, शिव थापा, शुभद्रा गुप्ता, अनिल झा, राजेश साह, सुरेश चौधरी परेका छन् ।

यसैगरी, सचिवालय सदस्यमा मिनबहादुर खत्री, किशोरी साह, देवेन्द्र ठाकुर, रामनाथ माझी, रामबाबु कुशवाहा, राजकिशोर साह, विवेक साह, हेमप्रसाद साह, तेजनारायण चौधरी, बालाशंकर कुशवाहा, जयलाल महतो, विश्वराज पटेल, रविन्द्र यादव, भानु कोइराला, सुरेश साह, डा. नवलकिशोर साह, सिमा जैसवाल, बिजय साह, देवकुमारी साह, पप्पु साह, ब्रम्हा यादव, रामशरण यादव, रामकृत साह, अरबिन्द साह, गोपाल साह, बिरबल महतो, आर्या पाण्डे, हरि थापा, मिनादेवी साह, सन्तोष साह, प्रहलाद पौडेल, खगेन्द्र भण्डारी, कालबहादुर विक, राम बिष्ट, अमर योन्जन, एमडी सतार, शम्भु जयसवाल, बद्रि पासवान र चन्दन साह छन् ।

काठमाडौँको कमलादीस्थित प्रज्ञा भवनमा केन्द्रीय कमिटी र पदाधिकारी बैठकले केन्द्रीय कमिटी पुनर्गठनको निर्णय गरेको हो ।

# संघीयताप्रति प्रतिवद्धता

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका सत्तापक्ष र विपक्षीले एक स्वरमा संघीयताविरुद्ध कुनै पनि गतिविधि भए स्वीकार नहुने बताएका छन् । उनीहरुले संघीयता मास्ने गतिवधि भए मधेशका जनताले कुनै पनि हालतमा स्वीकार नगर्ने जिकिर गरेका छन् ।

मधेश प्रदेश सभाको बैठकमा नेकपा एमाले संसदीय दलका नेता एवम् भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले संघीयता नै देशको मूल निकासको बाटो भएको बताए । उनले भदौ २३ र २४ गते भएको आन्दोलनको मुद्दाको विषयमा, मागको विषयमा राजनीतिक दल सचेत हुनु आवश्यक रहेको भन्दै आफूहरुलाई सुधार्नु आवश्यक रहेको बताए । उनले संघीयताका विषयमा कुनै दुर्भाग्यपूर्ण निर्णय भए फलामको च्युरा चबाउने दिन आउने भन्दै प्रधानमन्त्री सुशीला कार्कीलाई चेतावनीसमेत दिए । उनले संघीयताविरुद्ध कोही जान्छ भने त्यो आफूहरुका लागि कुनै पनि हालतमा स्वीकार्य नहुने बताए । उनले भने, 'संघीयताले केही दिएन भन्ने गलत रहेको र विकाससँगै धेरै अधिकार संघीयताले दिएको छ ।'

त्यसैगरी, नेपाली कांग्रेस संसदीय दलका नेता कृष्ण प्रसाद यादवले युवा पुस्ताले परिवर्तनका लागि आन्दोलन गरेको बताउँदै परिवर्तन आत्मसात् गरेर जान आफ्नो पार्टी तयार रहेको बताउँदै व्यवस्था र संविधानमाथि कुनै पनि प्रकारको खतरा भए त्यसलाई स्वीकार नगरिने बताए ।

त्यसैगरी, जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादवले समेत अहिलेको व्यवस्थामा समस्या रहेको बताउँदै केही पुरानो चिन्तनमा समस्या रहेकाले त्यसलाई हटाउँदै संघीयता सबल बनाउनुपर्ने आवश्यकता औँल्याए । संघीयता घाँडो हो भनेर राजाको मुद्दा संघीयता मन नपराउनेले मात्र उठाउने गरेको बताए । उनले जेन्जी आन्दोलन संघीयताको विरोधमा नभएको भन्दै संघीयता मन नपराउनेले यसलाई मलजल गरिरहेका टिप्पणी गरे ।

मधेश प्रदेश सभामा बोल्दै अधिकांश दलका नेताहरुले एक स्वरमा संघीयताविरुद्ध कुनै पनि षड्यन्त्र भए त्यसलाई सशक्त प्रतिवाद गरिने बताए । प्रतिपक्षी दल नेकपा एकीकृत समाजवादी पार्टीका प्रमुख सचेतक कनिष पटेलले प्रादेशिक संरचना नष्ट गर्ने षड्यन्त्र भइरहेको आरोप लगाए । उनले नेपालका सबै प्रदेशका सांसदले प्रादेशिक संरचना बचाउन एक हुनुपर्ने बताए । उनले संघीयतामाथि संकट आए सबैले एकजुट भएर त्यसको विरुद्ध एक हुनुपर्नेमा बताए ।

उनले प्रादेशिक संरचना र संघीयता कुनै एउटा भाषाभाषी, जातजातिका लागि नभई सबैका लागि रहेको बताए । 'केही अमुख व्यक्तिहरु, राजनीतिक दलले गल्ती गरेको होलान् तर त्यसका कारण हामीले पछाडि नै हट्नुपर्छ त्यो होइन,' उनले भने ।

यस्तै, सत्तापक्ष लोकतान्त्रिक समाजवादी पार्टी नेपालका संसदीय दलका नेता जयनुल राईनले अहिलेको अवस्थामा सत्तापक्ष र प्रतिपक्ष रचनात्मक किसिमले सबै सँगै चल्नुपर्ने अवस्था रहेको बताए । उनले संघीयता सालौँ सालको देन रहेको भन्दै धेरै आन्दोलन एवम् क्षति व्यहोरेपछि संघीयता आएको बताए । उनले जेन्जी आन्दोलनक्रममा देशमा धेरै क्षति भए पनि यो उनीहरुको मनसाय नभएको बताए ।

'व्यवस्थामाथि जुन प्रहार भइरहेको छ । संघीयतामाथि जुन प्रहार भइरहेको छ, यस परिस्थितिमा हामी सबै मिलेर जानुपर्ने हो । हामी सबैको दायित्व हो जुन अवस्थाले गुज्रेको छ, यसलाई एउटा पाठको रुपमा लिनुपर्छ,' उनले भने । उनले मधेश संघीयताको जननी भएकाले यसको रक्षा गर्नुपर्ने बताए ।

प्रतिपक्षी दल माओवादी केन्द्रका प्रदेशसभा सदस्य जवाहारलाल कुशवाहाले जेन्जीको आन्दोलनको

बाँकी पृष्ठ २ मा



## निर्वाचन तयारीका विषयमा छलफल

**मधेशदृष्टि**
**काठमाडौँ ।**
निर्वाचनको तयारीका विषयमा प्रधानमन्त्री सुशीला कार्कीसँग निर्वाचन आयोगका पदाधिकारीले मंगलबार छलफल गरेका छन् । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा प्रतिनिधिसभाको विघटन भई आगामी फागुन २१ गतेका लागि निर्वाचन तोकिएको सन्दर्भमा सोका लागि आवश्यक कानुन संशोधन, निर्वाचन व्यवस्थापन र स्रोत परिचालन लगायत विषयमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी सहितका पदाधिकारीले छलफल गरेका हुन् । छलफलमा सहभागी कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अनिलकुमार सिन्हाले निर्वाचनको तयारी गर्नैपर्ने र तयारीका सम्बन्धमा कुनै अवरोधहरू छन् भने त्यसलाई पहिचान गरेर सम्बोधन गर्नुपर्ने विषयमा छलफल भएको जानकारी दिए । आयोगका प्रवक्ता नारायण प्रसाद भट्टराईले निर्वाचनका लागि प्रभावकारी समन्वय गर्न प्रारम्भिक कुराकानी भएको जनाउँदै पछि आउने चुनौतीका विषयमा नेपाल सरकारसँग निरन्तर छलफल हुने बताए । आयोगले तोकिएको समयमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न मतदाता नामावली ऐन, २०७३ मा संशोधन लगायत आवश्यक स्रोतसाधनको सुनिश्चितताका लागि नेपाल सरकारसँग आग्रह गर्दै आएको छ । हाल आगामी कात्तिक १६ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदाताको सङ्ख्या एक करोड ८१ लाख ६८ हजार २३० रहेका छन् ।

## नक्कली भुटानी शरणार्थी प्रकरणका आरोपी रायमाझी कारागार फर्के

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नक्कली भुटानी शरणार्थी प्रकरणका आरोपी टोपबहादुर रायमाझी कारागार फर्केका छन् । जेन्जीको प्रदर्शनको क्रममा २४ भदौमा सुन्धारास्थित कारागारबाट निस्केका उनी दुई सातापछि कारागार फर्केका हुन् ।
मंगलबार रायमाझी कारागार फर्केको कारागार स्रोतले बतायो । रायमाझीसँगै सुन्धारा कारागारबाट मात्रै ३३ सय कैदीबन्दी भागेका थिए । देशभरका कारागारबाट १४ हजार बढी कैदीबन्दी भागेका थिए ।
करिब आधाजसो कैदीबन्दी अहिले कारागार फर्किसकेका छन् । नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने प्रकरणमा रायमाझीसहितका व्यक्तिविरुद्ध मुद्दा चलेको थियो । त्यसपछि काठमाडौं जिल्ला अदालतको आदेश अनुसार उनी पुर्पक्षमा छन् ।
उनीसँगै सुन्धारा कारागारमा रहेका भुटानी शरणार्थी प्रकरणमै तत्कालीन सचिज टेकनारायण पाण्डे पनि कारागारबाट निस्केका थिए । उनी भने अहिलेसम्म फर्केका छैनन् ।

## प्रधानमन्त्री कार्की र प्रधानसेनापति सिग्देलबीच भेटवार्ता

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्की र प्रधानसेनापति अशोकराज सिग्देलबीच भेटवार्ता भएको छ । मंगलबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा भेटवार्ता भएको हो । भेटवार्ताका क्रममा देशको पछिल्लो शान्ति सुरक्षाको अवस्थाबारे छलफल भएको बताइएको छ । प्रधानमन्त्री बनेपछि प्रधानसेनापति सिग्देलसँग भएको भेटलाई अर्थपूर्ण रुपमा हेरिएको छ ।

## सुन तस्करीका आरोपी गोरे कारागार फर्के

**मधेशदृष्टि**
**काठमाडौँ ।**
३८ क्वीन्टल सुन तस्करीमा संलग्न भएको आरोप लागेका चुडामणि उप्रेती (गोरे) कारागार फर्किएका छन् ।
यसअघि आफन्तमार्फत कारागार फर्किने सन्देश पठाएका गोरे अहिले भने कारागार फर्किसकेका छन् । उनी केही दिनअघि मात्रै कारागार फर्केको स्रोतले बतायो । जेन्जी आन्दोलनको क्रममा उनीसहितका व्यक्ति २४ भदौमा सुन्धारा कारागारबाट भागेका थिए ।

## तीन जना सचिवको सरुवा

**मधेशदृष्टि**
**काठमाडौँ ।**
सरकारले तीन जना सचिवको सरुवा गरेको छ । गृहसचिव गोकर्णमणि दुवाडी, रक्षासचिव रामेश्वर दङ्गाल र राष्ट्रिय योजना आयोगका सचिव सुमनराज अर्याल सरुवा भएका हुन् । आइतवार बेलुका बसेको मन्त्रिपरिषद् बैठकको निर्णय अनुसार गृहसचिव दुवाडीलाई योजना आयोगमा पठाइएको छ ।
गृहसचिवमा रामेश्वर दङ्गाललाई ल्याइएको छ । रक्षासचिवमा योजना आयोगका सचिव अर्याललाई पठाइएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतले जनाएको छ ।
सोमबार सार्वजनिक बिदा भएकाले मंगलबार मुख्यसचिव एकनारायण अर्यालले सरुवा प्रमाणित गरेका छन् ।

## सभापति लामिछानेले पद छाड्नुपर्ने आवाज

**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा सहकारी ठगीमा नख्खु जेलमा रहेका सभापति रवि लामिछानेले पद छाड्नुपर्ने आवाज उठेको छ । मंगलबार बसेको केन्द्रीय समिति बैठकमा सहकारी ठगीसम्बन्धी मुद्दाको कानुनी निरूपण नभएसम्मका लागि लामिछानेले सभापति छाड्नुपर्ने प्रस्ताव आएको हो । केन्द्रीय कार्यालय चःमतीमा भएको बैठकमा प्रदेश सभापतिहरूले मुद्दा किनारा नलागेसम्मलाई रविले पद छाड्नुपर्ने प्रस्ताव राखेका हुन् । रास्वपाका सुदूरपश्चिम सभापति प्रकाश विष्ट, कोशीका सभापति सरिन तामाङ, लुम्बिनीका सभापति देवराज पाठक र गण्डकीका सभापति राजन गौतमले बैठकमा उक्त प्रस्ताव राखेका हुन् । अन्य तीनवटा प्रदेशका सभापतिहरू भने यसबारेमा मौन बसेको बैठकमा सहभागी एकजना नेताले बताएका छन् ।

## ऊर्जामन्त्री घिसिङ र राजदूत फेनबीच शिष्टाचार भेटवार्ता

**मधेशदृष्टि**
**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात एवम् शहरी विकासमन्त्री कुलमान घिसिङ र नेपालस्थित बेलायतका राजदूत रब फेनबीच शिष्टाचार भेटवार्ता भएको छ ।
सिंहदरबारस्थित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा भएको भेटमा नवनियुक्त मन्त्री घिसिङलाई बेलायतका राजदूत फेनले बधाई दिनुका साथै सफल कार्यकालको शुभकामना व्यक्त गरेका हुन् । भेटमा नेपाल–बेलायतबीचको मित्रता, सहकार्य, ऊर्जा क्षेत्रमा बेलायतको सहयोग, पूर्वाधार क्षेत्रमा लगानीको सम्भावना, जलवायु परिवर्तनबाट सिर्जित समस्या न्यूनीकरणका उपायहरुका लागि आवश्यक सहयोग लगायतका विषयमा छलफल भएको थियो ।

## एसवाई प्यानल लिमिटेडको आइपिओ निष्कासन

**काठमाडौँ ।**
एसवाई प्यानल लिमिटेडले आजदेखि उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दा र वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि ७ लाख ५८ हजार ७१९ कित्ता शेयर निष्कासन गरेको छ ।
कम्पनीले धितोपत्र बोर्डबाट ५२ लाख ३२ हजार ५४८ कित्ता शेयर निष्कासन गर्न अनुमति पाएकोमा पहिलो चरणमा उद्योग प्रभावित क्षेत्रका लागि २ लाख ६१ हजार ६२७ कित्ता र वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि ४ लाख ९७ हजार ०९२ कित्ता सेयर छुट्याइएको हो ।




आवेदकले न्यूनतम १० र अधिकतम ५० हजार कित्तासम्म आवेदन दिन सक्नेछन् । उद्योग प्रभावित क्षेत्रका बासिन्दाले रत्नगर चितवनस्थित कार्यालय, प्रभु क्यापिटल र प्रभु बैंकका शाखा तथा अनलाइनमार्फत आवेदन दिन सक्नेछन् भने वैदेशिक रोजगारीमा रहेका नेपालीले सम्पूर्ण आस्वा सदस्य बैंक, वित्तीय संस्था तथा "मेरो शेयर" अनलाइनमार्फत आवेदन दिन सक्नेछन् ।
आईपीओको निष्कासन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेड रहेको छ ।
पहिलो चरणपछि कम्पनीले दोस्रो चरणमा आम सर्वसाधारणका लागि ४० लाख ७६ हजार १५६ कित्ता शेयर निष्कासन गर्नेछ ।

## साढे ३ खर्ब बराबरको वैदेशिक व्यापार

**मधेशदृष्टि**
**काठमाडौँ ।**
चालु आर्थिक वर्ष २०८२÷८३ को पहिलो दुई महिनामा साढे ३ खर्ब रुपैयाँ बराबरको वैदेशिक व्यापार भएको छ । भन्सार विभागका अनुसार भदौ मसान्तसम्म ३ खर्ब ५२ अर्ब ४७ करोड २७ लाख ६१ हजार बराबरको वैदेशिक व्यापार भएको छ । जुन अघिल्लो आव सोही अवधिको तुलनामा २२.५४ प्रतिशत धेरै हो । गत आव भदौसम्म २ खर्ब ८७ अर्ब ६३ करोड बराबरको वैदेशिक व्यापार भएको थियो । दुई महिनामा वस्तु आयात ३ खर्ब नाघेको छ ।

## आज चन्द्रघण्टा देवीको विशेष पूजा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आश्विन शुक्ल तृतिया तिथी अर्थात् नवरात्रको तेस्रो दिन बुधबार दशैँ घर वा पूजा कोठामा नौ दुर्गामध्येकी तेस्रो चन्द्रघण्टा देवीको विशेष पूजा आराधना गर्न लागिएको छ । नवरात्रको पहिलो दिन सोमबार दशैँ घर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो । सोही दिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजा आराधना गरिएको थियो । दोस्रो दिन पूजा स्थलमा ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजा आराधना गरिएको थियो । नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवतलगायत देवी स्तोत्र पाठसमेत गरिन्छ । नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त धार्मिक विश्वास रहिआएको छ ।

## भन्सार छलिका सामग्री बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको वीरगंज महानगरपालिका–१६ नगवा पानी ट्याङ्कीस्थित बालकुमार राउत कुर्मीको घरको सटरमा भन्सार छली गरी भण्डारण गरिएको सामान सशस्त्र प्रहरीले विशेष अभियानमार्फत बरामद गरेको छ ।
तलासीका क्रममा करिब ५ लाख बराबरका कपडा र किराना सामग्री बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।
बरामद सामानलाई कानूनी प्रक्रिया पूरा गरी वीरगंज भन्सार कार्यालयमा बुझाइएको छ ।

## ३५ गाउँपालिकालाई एम्बुलेन्स वितरण

**मधेशदृष्टि**
**काठमाडौँ ।**
काठमाडौं महानगरपालिकाले दुर्गम क्षेत्रका ३५ वटा गाउँपालिकालाई एम्बुलेन्स वितरण गरेको छ । काठमाडौं महानगरका स्वास्थ्य विभागले मंगलबार पहिलो चरणमा देशैभरीका दुर्गम तथा मापदण्डका आधारमा छनोट गरिएका ३५ वटा गाउँपालिकालाई एम्बुलेन्स वितरण गरेको जनाएको हो । एम्बुलेन्स वितरणका लागि आवेदन माग गरिएकोमा विभिन्न स्थानीय तहबाट आएको आवेदनलाई हेर्दै मापदण्डका आधारमा सुविधा सम्पन्न एम्बुलेन्स वितरण गरिएको जनाइएको छ । एम्बुलेन्स वितरण गर्दा सातै प्रदेशलाई समावेश गरिएको एम्बुलेन्स वितरणका लागि पारदर्शी मापदण्ड बनाएर स्वास्थ्य सुविधा अभावमा पिछडिएका स्थानलाई प्राथमिकता दिएको महानगरले जनाएको हो ।

## सुनको भाउमा नयाँ कीर्तिमान

**मधेशदृष्टि**
**काठमाडौँ ।**
सुनको भाउमा कीर्तिमान कायम भएको छ । सुनको भाउ मंगलबार तीन हजार नौ सय रुपैयाँले बढेर तोलाको दुई लाख २१ हजार सात सय रुपैयाँ पुगेको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ ।
यो भाउ अहिलेसम्मकै उच्च हो । सोमबार सुनको भाउ तोलाको दुई लाख १७ हजार आठ सय रुपैयाँ रहेको थियो ।
मंगलबार चाँदीको भाउमा पनि कीर्तिमान कायम भएको छ ।
चाँदीको भाउ ३० रुपैयाँले बढेर तोलाको दुई हजार छ सय ८० रुपैयाँ पुगेको छ । सोमबार चाँदीको भाउ तोलाको दुई हजार छ सय ५० रुपैयाँ थियो ।

## संघीयताप्रति........................................................

क्रममा घुसपैठ भएको भन्दै यसको छानबिन हुनुपर्ने बताए । उनले आन्दोलनमा धेरै जनधनको क्षति भएको भन्दै अहिले धेरै कुरा उठिरहेकाले आन्दोलनलाई लिएर सरकारले छानबिन गर्नुपर्ने र घुसपैठ गर्नेलाई कारबाही गर्नुपर्ने माग गरे ।
कुशवाहाले सातै प्रदेशमा मधेशले पहिले बैठक राखेको भन्दै सच्चिने ठाउँमा आफूहरुलाई सच्चिनुपर्ने बताए । उनले संघीयता कसरी बचाउने भन्नेमा सबैलाई गम्भीर हुन आग्रह गरे ।
संघीय लोकतान्त्रिक गणतन्त्रमाथि कसैले प्रहार गर्न खोजे बुढापाखा, कुनै पार्टीका मान्छे नभई युवाहरु अगाडि आउने र यसमा मधेशका युवाहरु अगाडि रहने विश्वस्त रहेको बताए । जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक रामअशिष यादवले मधेश प्रदेश स्थापनापछि सात प्रदेशमध्ये यो प्रदेश यति ठूलो आन्दोलनपछि खण्डहर बनेकामा त्यसलाई सफा गरेर सभा सञ्चालन गरेका एउटा सन्देश दिएको बताए । उनले जेन्जी पुस्ताको आन्दोलन सामान्य आन्दोलन नभएको बताउँदै आन्दोलनमा सहभागी आफूहरुकै घरका राजनीतिक रुपले सचेत रहेका युवा रहेको बताए । बैठकमा जेन्जी आन्दोलनक्रममा घाइते भएकाको शिघ्र स्वास्थ्य लाभ कामनासहित मृत्यु भएकाप्रति शोक प्रस्ताव पेस गरिएको थियो ।
टेबुल अभावमा सभामुख मण्डलले हात उठाएर प्रस्तावमा समर्थन जनाउन आदेश दिएका थिए । प्रदेश सभाको अर्को बैठक बुधबार दिउँसो १ बजे बस्नेछ ।

जनमत विपक्षमा

मधेश प्रदेशमा सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीले विपक्षको बेन्चमा रोजेको छ । सरकारलाई दिएको समर्थन फिर्ता लिएर पार्टीबाट मुख्यमन्त्री बाहेक सबै मन्त्रीले राजीनामा दिएपछि पार्टी विपक्षमा बसेको हो । पार्टीले प्रदेश सभालाई पत्र पठाएर विपक्षमा सिट राख्न भनेपछि प्रदेश सभाले विपक्षमा सिट निर्धारण गरेको छ । तर ममुख्यमन्त्री सतिश कुमार सिंह भने सरकारको बेन्चमा बसेका छन् ।
जेन्जीको अगुवाइमा भएको आन्दोलनपछिको प्रदर्शनक्रममा खण्डहरमा परिणत भएको प्रदेशसभा जसोतसो व्यवस्थापन गरिएको प्रदेशसभाका प्रवक्ता विपिन ठाकुरले बताए ।

संघीयता बचाउन राजीनामा दिन्नौँ

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले प्रदेश सभाको बैठकमा आफूले विश्वासको मत लिने बताएका छन् । मधेश प्रदेश सभाको बैठकमा बोल्दै मुख्यमन्त्री सिंहले युवाको आन्दोलनक्रममा आफूलाई तत्काल पार्टीले सामाजिक सञ्जालमै भए पनि राजीनामा दिन भनेकाले राजीनामा घोषणा गरेको बताउँदै अहिलेको अवस्थामा संघीयता बचाउनुपर्ने समय आएको बताउँदै यस्तो अवस्थामा दलगत राजीनामा गर्नु उपयुक्त नभएको बताए । उनले आन्दोलनमा क्षति हुन थालेपछि क्षति कम होस भन्ने उद्देश्यले घोषणा गरेको बताउँदै अहिले सारा क्षेत्र जलिरहेको अवस्थामा आफू खरानी छाडेर जान नचाहेको बताए । उनले सबैतिर खरानी भएको अवस्थामा भाग्नुको सट्टा सबै मिलेर कसरी संघीयता बचाउने भनेर लाग्नुपर्नेमा जोड दिँदै पदमा बस्न कुनै लोभ समेत नभएको बताए ।
सरकारको नेतृत्व गरिरहेको मधेश प्रदेशमा सरकारबाट समर्थन दिँदै विपक्षमा बस्ने निर्णय गरेपछि बसेको प्रदेशमा बोल्दै मुख्यमन्त्री सिंहले सरकार फेरबदलको राजनीतिमा लाग्नुको सट्टा संघीयता कसरी बचाउने भन्नेमा सबैको ध्यान जानुपर्ने बताए ।

## साना प्रकृतिका बीमा दाबी तिहारसम्म भुक्तानी गरिने

**मधेशदृष्टि**
**काठमाडौँ ।**
बीमक सङ्घ नेपालका अध्यक्ष वीरेन्द्र वैद्यवारले साना प्रकृतिका बीमा दाबी तिहारसम्म भुक्तानी गर्ने बताएका छन् । मंगलबार काठमाडौंमा भएको कार्यक्रममा अध्यक्ष वैद्यवारले जेन्जी आन्दोलनले निजी क्षेत्रमा ८० अर्ब रुपैयाँ बराबरको क्षति भए पनि साना प्रकृतिको छिटो भुक्तानी गरिने बताए । उनका अनुसार अहिलेसम्म



आन्दोलनका कारण २ हजार ४ सय ७८ वटा बीमा दाबी आवेदन परेको छ । यो दाबी अहिलेसम्मकै सबैभन्दा ठूलो हो । यसअघि भूकम्पको बेला १७ अर्ब रुपैयाँ बराबरको दाबी परेको थियो । त्यस्तै अघिल्लो वर्ष असोजको बाढीका कारण झन्डै १३ अर्ब रुपैयाँको दाबी परेको थियो ।

# १३ वर्षीय बालकको शव फेला

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको वृन्दावन नगरपालिका–३ विश्रामपुरका १३ वर्षीय रोशन यादवको शव करिब ३० घण्टापछि मंगलबार दिउँसो फेला परेको छ । सोमबार बिहान घटस्थापनाको अवसरमा दुर्गा पूजाको कलश शोभा यात्रामा सहभागी हुने क्रममा बागमती नदीमा नुहाउँदा उनी बेपत्ता भएका थिए । बालक बेपत्ता भएको खबर पाएपछि इलाका प्रहरी कार्यालय गरुडा, इलाका प्रहरी कार्यालय समनपुर, प्रहरी चौकी विश्रामपुर, प्रहरी चौकी धरमपुर र सशस्त्र प्रहरी बल समनपुर क्याम्पका सुरक्षाकर्मीहरू खोजीमा



खटिएका थिए । साथै स्थानीयवासीहरूले पनि निरन्तर सहयोग गरेका थिए । मंगलबार दिउँसो समनपुर पुलदेखि करिब एक किलोमिटर दक्षिणतर्फ शव भेटिएको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकरप्रसाद आचार्यले जानकारी दिए ।

मृतक रोशन यादव इलाका प्रहरी कार्यालय गरुडामा कार्यरत प्रहरी गजेन्द्र यादवका छोरा हुन् । घटस्थापनाको धार्मिक वातावरणकै दिन यस्तो दुखद घटना घट्दा स्थानीयवासी पीडित परिवारसँगै शोकमा डुबेका छन् ।

# जनकपुर भन्सार कार्यालय पूर्णरुपमा सञ्चालन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जेन्जी आन्दोलनमा आगजनी र तोडफोड भएको जनकपुर भन्सार कार्यालय पूर्णरुपमा सञ्चालनमा आएको छ । जनकपुरधाम भन्सार कार्यालयका सूचना अधिकारी राजकुमार अवाकाअनुसार कार्यालयअन्तर्गत रहेका छोटी भन्सार कार्यालबाट भन्सार जाँचपास यसअघि नै शुरु भइसकेको छ । असोज ५ गतेबाट मुद्दाका कामहरु समेत शुरु गरिएको छ । सो कार्यालय अन्तर्गत भडरिया छोटी भन्सार, इनरुवा छोटी भन्सार र जटही छोटी भन्सार कार्यालय सञ्चालनमा आइसकेको सूचना अधिकारी अवाले जानकारी दिए । जेन्जी प्रदर्शनका क्रममा जनकपुरधाम भन्सार कार्यालयमा १३ करोड ८७ लाख ५० हजार बराबरको क्षति अवाले बताए ।

# पर्सामा हैजाका शंकास्पद विरामी फेरि बढ्दै

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा फेरि झाडापखाला तथा शंकास्पद हैजाका विरामी बढ्न थालेका छन् ।

जिल्ला जनस्वास्थ्य कार्यालय पर्साका अनुसार शनिबारदेखि सोमबारसम्म मात्रै ८८ नयाँ केस फेला परेका छन् । शनिबार २७, आइतबार ३३ र सोमबार २८ जना नयाँ विरामी दर्ता भएका छन् । हालसम्म जिल्लाभर कुल १ हजार ५१२ जनामा झाडापखाला वा शंकास्पद हैजाको संक्रमण पुष्टि भएको छ ।

तीमध्ये १ हजार ४७९ जना उपचारपछि घर फर्किसकेका छन् भने ३३ जना अझै विभिन्न अस्पतालमा उपचाररत छन् । पछिल्लो एक महिनामा २४० जनामा हैजा पुष्टि भएको र हालसम्म ४ जना मात्र अस्पतालमा उपचाररत रहेको जनस्वास्थ्य कार्यालयले जनाएको छ । जनस्वास्थ्य कार्यालयका अनुसार खानेपानीमा पियुस (कोलोरिन) मिसाएर मात्रै सेवन गर्न अनुरोध गरिएको भए पनि धेरैले प्रयोग नगरेका कारण संक्रमण पुनः फैलिएको हो ।

# सिँचाइका लागि कृषकलाई पम्पसेट सहयोग



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको माधवनारायण नगरपालिकाले सिँचाइका लागि कृषकलाई पम्पसेट उपकरण सहयोग गरेको छ ।

बाढी प्रभावित घरपरिवारको कृषि पुनस्र्थापना र सहनशिलता प्रवर्धन परियोजना अन्तर्गत नगरपालिकाका वडा नम्बर–८ र ९ का ५० जना कृषकलाई सिँचाइ सामग्री वितरण गरिएको नगर प्रमुख बैजनाथ प्रसाद यादवले जानकारी दिए । परियोजना अन्तर्गत ८ नं. वडामा ३२ जना कृषकलाई र ९ नं. वडामा १८ जना कृषकलाई पम्पसेट, डेलिभरी पाइप वितरण गरिएको परियोजनाका कृषि अधिकृत बिबेक रौनियारले जानकारी दिए ।

बोरिङ्ग यसअघि नै जडान भइ सकेको उनले बताए । परियोजना अन्तर्गत वडा नम्बर–८ मा १६ वटा कृषक समुह र वडा नम्बर–९ मा ६ वटा कृषक समुह रहेको छ ।

वडा नम्बर–८ मा प्रतिसमुह २ जनालाइ र वडा नम्बर–९ मा प्रतिसमुह ३ जनालाई पम्पसेट उपलब्ध गराउने निर्णय समुहले गरेको नगरपालिकाका कृषि शाखा अधिकृत अनुजकुमार झाले जानकारी दिए ।

# 'संविधान पुनर्लेखनबिनै जेन्जीको माग समाधान सम्भव छैन'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी नेपाल (जसपा) का केन्द्रीय सचिव शैलेन्द्रप्रसाद साहले वर्तमान संविधान संशोधन वा आवश्यक परे पुनर्लेखन नगरी जेन्जी पुस्ताले उठाएका मागहरूको दीर्घकालीन समाधान सम्भव नदेखिने बताएका छन् ।

उनले शासकीय संरचना, निर्वाचन प्रणाली, न्याय प्रणाली, संवैधानिक निकायहरूको भूमिका, प्रादेशिक स्वरूप, पहिचान र समावेशिता जस्ता संवेदनशील विषयहरूमा व्यापक सुधार अपरिहार्य परिस्थितिमा पुगेको बताए । सचिव साहले प्रतिनिधिसभा कायम रहनुपर्नेमा जोड दिँदै विघटनलाई संविधानसम्मत ठहर गर्ने तर्क पूर्णरूपमा गलत भएको बताए । उनका अनुसार आगामी निर्वाचनमार्फत मुलुकले स्थायी समाधान पाउने सम्भावना कमजोर छ । उनले भने, 'नयाँ प्रतिनिधिसभा गठन भएसँगै मुलुक फेरि पुरानै संरचनामा फर्किने सम्भावना बढी रहन्छ ।'

साहका अनुसार वर्तमान निर्वाचनले परिवर्तनकारी शक्तिहरूले उठाउँदै आएका प्रश्नहरूको दिगो उत्तर दिने अवस्था छैन । उनले प्रतिगमनकारी शक्तिहरू निरन्तर दबाब र जनताप्रतिको उत्तरदायित्वका कारण कमजोर हुने अपेक्षा गरे पनि दीर्घकालीन दृष्टिकोणले संविधान पुनरवलोकन वा पुनर्लेखन अपरिहार्य रहेको स्पष्ट पारे । उनले भने, 'संविधानले समावेशी लोकतन्त्र, समान अधिकार र पहिचानको सम्मानलाई व्यवहारमै सुनिश्चित गर्न सकेको छैन । त्यसैले व्यापक पुनरावलोकन र आवश्यक परे पुनर्लेखन अपरिहार्य देखिन्छ ।'

# पोखरीमा डुबेर दुई बालिकाको मृत्यु

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको सुरुङ्गा नगरपालिकामा पोखरीमा डुबेर दुई जना बालिकाको मृत्यु भएको छ ।

नगरपालिकाको वडा नं. २ स्थित हर्दिया घर भएकी दुई जना बालिकाको नुहाउने क्रममा पोखरीमा डुबेर मृत्यु भएको हो । स्थानीय अरविन्द चौधरीको पोखरीमा सोमबार साँझ नुहाउन गएकी सोही वडाका सुरेन्द्र चौधरीकी ७ वर्षीया छोरी सुस्तिका चौधरी र केशर चौधरीकी ११ बर्षीया छोरी आशकी चौधरीको डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ । उनीहरु सँगै नुहाउन गएकी ८ बर्षीया प्रियान्सु चौधरी भने बाच्न सफल भएकी छन् ।

उनलाई स्थानीयवासीले तत्कालै उद्धार गरे पनि अन्य दुई जनालाई भने जिवितै अवस्थामा उद्दार गर्न सफल भएनन् । मृतक दुबैको शव पोष्टमार्टमका लागि अस्पताल पुर्याई घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# नेशनल मेडिकल कलेजमा च्यारिटेबल फेस्ट सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल वीरगंजमा विद्यार्थी र शिक्षकहरूको सक्रिय सहभागितामा च्यारिटेबल फेस्ट भव्यतापूर्वक सम्पन्न भएको छ ।

चिकित्सा शिक्षा मात्र नभई समाजसेवा, सिर्जनात्मकता र नेतृत्वतालाई प्रोत्साहन गर्ने उद्देश्यका साथ आयोजना गरिएको यस कार्यक्रममा विविध सांस्कृतिक, शैक्षिक र सामाजिक गतिविधिहरू प्रस्तुत गरिएका थिए ।

कार्यक्रमको उद्घाटन प्रमुख अतिथि तथा नेशनल मेडिकल कलेजका अध्यक्ष प्रा. डा. जैनुदिन अन्सारीले गरेका थिए ।

कार्यक्रममा प्रबन्ध निर्देशक शहनवाज अन्सारी विशिष्ट अतिथि थिए भने प्रिन्सिपल प्रा. डा. के.एन. सिंहले अध्यक्षता गरेका थिए । साथै शैक्षिक निर्देशक डा. रुबी श्रेष्ठ यास्मिन, अस्पताल निर्देशक डा. इशरत जहाँ अन्सारी, एडमिसन तथा मार्केटिङ निर्देशक आबिद हुसेन अन्सारी, च्यारिटेबल सोसाइटीका अध्यक्ष डा. रवीशंकर गुप्ता, नर्सिङ निर्देशक, विभिन्न संकायका प्राध्यापक, विद्यार्थी र प्रशासनिक अधिकृतहरूको उल्लेखनीय उपस्थिति रह्यो । फेस्टमा विद्यार्थीहरूले प्रस्तुत गरेका स्वागत नृत्य, भाषण, नाटक, सिर्जनात्मक प्रदर्शनी, गीत–संगीत तथा अन्य कलात्मक प्रस्तुतिले कार्यक्रमलाई आकर्षक बनायो । साथै, च्यारिटेबल सोसाइटी र नेपाल हेल्थ कोप्रसको वार्षिक प्रतिवेदन सार्वजनिक गरिएको थियो । कार्यक्रममा उत्कृष्ट विद्यार्थीलाई पुरस्कार वितरण, सामाजिक कार्यका लागि चेक हस्तान्तरण र सम्मानजस्ता गतिविधिहरू पनि सम्पन्न भए । आयोजक समितिका अनुसार यस्ता कार्यक्रमहरूले उत्कृष्टता पहिचान गर्ने, विद्यार्थीमा नेतृत्व क्षमता विकास गर्ने, सिनियर–जुनियरबीचको सम्बन्ध सुदृढ बनाउने र सामाजिक उत्तरदायित्वप्रति सजगता जगाउने विश्वास गरिएको छ । नेशनल मेडिकल कलेज च्यारिटेबल सोसाइटीले विगतदेखि नै निःशुल्क स्वास्थ्य परीक्षण शिविर, रक्तदान, बृक्षारोपण, कपडा वितरण, जनचेतना कार्यक्रम, खेलकुद तथा सांस्कृतिक गतिविधि लगायतका सामाजिक सेवामूलक कार्य गर्दै आएको छ । कलेजले च्यारिटेबल फेस्टमार्फत 'शिक्षा, समाजसेवा र सामाजिक उत्तरदायित्व' को सन्देशलाई निरन्तर अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

# चाडपर्वका लागि तीन ठाउँमा यात्रु सहायता कक्ष




**मधेशदृष्टि**
**रौतहट ।**
हिन्दूहरूको महान पर्व दशैँ, तिहार र छठका अवसरमा यात्रुहरूलाई सहज र सुरक्षित बनाउन जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरले रौतहटको तीन ठाउँमा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख प्रहरी निरीक्षक लोकेन्द्र अधिकारीका अनुसार नेपाल प्रहरी र सशस्त्र प्रहरीको समन्वयमा सदरमुकाम गौर, मध्य भाग गरुडा र महेन्द्र राजमार्गअन्तर्गत चन्द्रनिगाहपुरमा सहायता कक्ष सञ्चालन गरिएको हो । यात्रुले सार्वजनिक सवारी साधनमा यात्रा गर्ने क्रममा आइपर्ने समस्या समाधानका लागि सहायता कक्षमा सम्पर्क गर्न सक्ने व्यवस्था गरिएको छ । निरीक्षक अधिकारीले भने, 'चाडपर्वमा अनाधिकृत रूपमा बढी भाडा असुल गर्ने प्रवृत्ति धेरै देखिने भएकाले यात्रुहरूले गुनासो आएमा तत्काल जानकारी दिनुपर्छ। त्यस्तो अवस्थामा कानुनी कारबाही गरिनेछ ।' अधिकारीका अनुसार चाडपर्वका बेला भाडा बढाउने प्रचलन रोक्न हरेक वर्ष यस्ता सहायता कक्ष स्थापना गर्ने परम्परा रहेको छ । 'सहायता कक्ष स्थापना भएपछि सार्वजनिक सवारी साधनका सञ्चालकलाई कारबाहीको डर हुन्छ । यसले यात्रुलाई सहज बनाउँछ,' उनले भने । राजपुर–२ का स्थानीय हरेन्द्र साहले यात्रु सहायता कक्ष प्रभावकारी भएको बताए । उनले भने, 'सहायता कक्ष भएकाले चालक–सञ्चालकहरूले मनपरी भाडा लिन सक्दैनन् । यसले हामी यात्रुहरूलाई राहत मिलेको छ ।' दशैँ, तिहार र छठ पर्वमा यात्रुको चाप अस्वाभाविक रूपमा बढ्ने भएकाले सुरक्षादेखि भाडासम्मका व्यवस्थालाई प्राथमिकतामा राखेर प्रहरीको संयोजनमा सहायता कक्ष स्थापना गरिएको हो ।

सम्पादकीय

# ‘ट्रेड रेल’को अभ्यासमा नेपाल रेल्वे

नेपाल रेल्वे कम्पनीले निकै पहिलेदेखि नै व्यावसायिक तथा नाफामूलक बन्ने उद्देश्यले कार्गो रेल्वे सेवा सञ्चालनको प्रक्रिया अगाडि बढाउन चाहेको हो। तर सरकारले मात्रै चाहेर पनि नहुने भएकाले यो रोकिएको अवस्था थियो । यस्तो अवस्थामा भारतको पनि उस्तै चाहना हुन पर्‍यो।

सरकारले प्रक्रिया चाले पनि भारतले जवाफ दिनु पर्ने अवस्था थियो। यसैले टे«डरेल चल्न समस्या भइरहेको थियो । भारतको जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालनमा रहेको ६५ किलोमिटर लामो ब्रोडगेज यात्रुवाहक रेल्वे सञ्चालन गरिरहेको नेपाल रेल्वे अब भने कार्गो सेवा सञ्चालनको तयारीमा जुटेको छ।

भारत सरकारको १० अर्ब रुपैयाँ लागतमा मर्मत तथा निर्माण भइ जयनगरबाट जनकपुर हुँदै महोत्तरीको बिजलपुरासम्म यात्रुबाहक रेल्वे सेवा सञ्चालनमा छ । सरकारले भारत सरकारसँग खरिद गरेको दुईवटा इन्जिनसहितको चार–चार वटा बोगीमार्फत नेपाल र भारतका नागरिकलाई नियमित सेवा प्रदान गरिरहेकामा अब कार्गो सेवा पनि दिने प्रयास गरेको छ। यसले नेपालका व्यापारीहरुलाई ढुवानी सहज, द्रूत र सस्तो हुने अनुमान छ। यो व्यापारीहरुको चाहना पनि हो। यात्रु ओसारपसार गरेर रेल्वे सेवालाई व्यावसायिक बनाउन तथा नाफामा लैजाने अवस्था नभएकाले कम्पनीले पटकपटक सरकारलाई ट्रेडरेल चलाउने प्रक्रियाका लागि अपिल नगरेको हो।

कार्गो रेल्वे सेवा सञ्चालनका लागि महोत्तरीको रामनगर तथा बर्दिबाससम्म रेल्वे सेवा विस्तार गर्न नयाँ स्टेशन निर्माण गर्न भारतीय पक्ष अग्रसर भएपछि कार्गो रेलका सपना साकार हुन लागेको हो । भारतको कलकत्ता बन्दरगाहदेखि सस्तो दरमा नेपालमा मालसमान ढुवानी गर्न कार्गो रेल्वे सेवा सञ्चालनका लागि पहिलेदेखि यसक्षेत्रका व्यवसायीले माग गरेका थिए। कार्गो रेल्वे सेवा सञ्चालन भए मालसमान ढुवानीका लागि सहज तथा सस्तो हुने छ।

# रातभर किन सलबलाए ज्ञानेन्द्र ? के थियो भित्री खेलो ?



चिरञ्जीवी मास्के

२०८२ भदौ २३ र २४ गते नेपालको राजनीतिमा एउटा फरक पृष्ठभूमिको इतिहास कोरिएको छ। कोत पर्व, भण्डारखाल पर्व, २००७ सालको राणा विरोधी आन्दोलन, २०१७ सालको ‘कू’ र त्यसपछिको पञ्चायती व्यवस्था, २०४६ को जनआन्दोलन, २०६२–०६३ को लोकतान्त्रिक आन्दोलन र २०७२ सालमा जारी भएको संघीय गणतान्त्रिक संविधानपछि राजसंस्थाले विधिवत् रूपमा बिदा लिएको क्षण भन्दा फरक रह्यो भदौ २३ र २४ गतेको जेन्जी आन्दोलन।

जेन्जी पुस्ता र जेन्जी आन्दोलनलाई धेरैले एउटा उमेर समूहको लहडको रूपमा मात्र बुझेको देखिन्छ। खासमा यो एउटा निश्चित उमेर समूहको लहडमात्र पक्कै हैन। यो त एउटा विचार पनि हो । दृष्टिकोण, सोच र सक्रियता पनि हो।

‘जेनेरेसन जेड’, अर्थात् जेन्जी सन् १९९७ देखी २०१५ को बीचमा जन्मिएका पुस्ता हुन्। यो हिसाबले जेन्जी समूहमा १० देखि २८ वर्ष उमेर समूहका किशोर र युवा पर्दछन्। यो नै पहिलो पुस्ता हो, जो सानैदेखि इन्टरनेट, स्मार्टफोन र सामाजिक सञ्जालसँगै हुर्किए । जेन्जी अभियान स्मार्ट, इन्टरनेट, रचनात्मकता, बोल्ड, रंगीन र सहभागितामूलक हुने गर्छ। जेन्जी समूह सामाजिक न्याय, वातावरण, लैङ्गिक समानता र विविधताको विषयमा बढी नै सचेत रहने विश्वास गरिन्छ। त्यसैले पनि जेन्जी पुस्ता उमेर समूहसँग मात्र सम्बन्धित छैन, यो विचार, दृष्टिकोण, सोच र सक्रियतासँग पनि सम्बन्धित छ।

एउटा निश्चित उमेर समूह र विचारको गठजोडले अघि बढेको जेन्जी आन्दोलनको कारण भदौ २३ र २४ गते र त्यसपछि धेरैले धेरै चिज गुमाए । कसैले आफ्ना बालबच्चा गुमाए, कसैले अभिभावक गुमाए, कसैले पद, प्रतिष्ठान गुमाए, राष्ट्रले ऐतिहासिक धरोहरहरू गुमायो र मैले दुई रातको निन्द्रा गुमाएँ।

यो कुरा धेरै कमलाई थाहा होला, भदौ २३ र २४ गते जेन्जी आन्दोलनले उत्पन्न गरेको विषम परिस्थिति लगत्तै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएपछि केही समय मुलुक सरकारविहीन अवस्थामा पुग्यो । भलै, राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री ओलीको राजीनामा स्वीकृत गरी उनैलाई कामचलाउ सरकारको प्रधानमन्त्री तोकेका थिए।

पूर्वराजा ज्ञानेन्द्र शाहले जनता र राजनीतिक दलको समर्थनबेगर राजगद्दीमा फर्कन्न भनेर नागरिक शक्तिलाई आत्मसात् गरे जसरी नै राजनीतिक दल र त्यसका नेतृत्वकर्ताले पनि अधिकतम नैतिकता देखाउँदै नागरिक शक्तिलाई आत्मसात् गर्छन् भन्ने विश्वास गरौँ।

यसबीचमा सत्ता प्रयोगको लागि धेरै ठाउँबाट, धेरै खालका प्रयत्न भए । आन्दोलनरत जेन्जी अगुवासँग प्रधानसेनापति अशोकराज सिग्देलले भदौ २५ गतेबाट नयाँ सरकार र प्रधानमन्त्रीको विषयमा छलफल शुरू गरेका थिए।

दुर्गा प्रसाईं र धरानका मेयर हर्क साम्पाङ प्रधानमन्त्री चलाउने दाबीका साथ सैनिक मुख्यालय पुगे। काठमाडौँका मेयर बालेन शाहले फेसबुकमार्फत सेनासँग वार्ताको लागि तयार रहन जेन्जी अगुवालाई अनुरोध गरे। प्रधानमन्त्री को भन्ने विषयमा एकमत हुन नसकेपछि नेपाली सेनाले माइकिङ गरेरै भदौ २६ गते बिहानसम्म साझा नाम सुझाउन जेन्जी अगुवालाई उर्दी नै जारी गर्‍यो।

प्रधानमन्त्रीको साझा नाम आउन नसकिरहेको अवस्थामा जेन्जी आन्दोलनको विषयमा सामाजिक सञ्जालमा विभिन्न कोणबाट चर्चा, बहस र आशंका शुरू भएका थिए । आन्दोलनमा भारतको संलग्नता, काठमाडौँका मेयर बालेन शाह पश्चिमाहरूको चाहनाअनुसार अघि बढेको जस्ता हल्लाले परिस्थिति थप जटिल बन्दै गएको थियो।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले समेत आन्दोलनमा घुसपैठ भएको आशंका गरिरहेको खबर मिडियाहरूले प्रचार गरिरहे।

जेन्जी आन्दोलनको क्रममा उत्पन्न विषम परिस्थितिपछि म भदौ २३ गते रातिदेखि नै राम्रोसँग निदाउन सकिरहेको थिइनँ। राति ११–१२ बजेसम्म मेरा आँखा सामाजिक सञ्जालका वालहरू र विभिन्न अनलाइनका खबर हेर्न चनाखो भइरहेका थिए।

प्रधानमन्त्री को हुन्छ भन्ने रस्साकस्सीका बीच भदौ २६ गते (बिहीबार) राति ९–१० बजेतिर भने एउटा अर्को हल्ला फैलियो– राजा फर्काउनेबारे । नारायणहिटी दरबार सरसफाइ शुरू भयो। अब पूर्वराजा ज्ञानेन्द्र शाहलाई नारायणहिटीमा ल्याएर राजा घोषणा गरिँदैछ।

पूर्वराजा ज्ञानेन्द्र शाहका छोरा पूर्वयुवराज पारस शाहले बिहीबार राति नै फेसबुकमा ‘वार्तामा हुनुपर्ने अनिवार्य सर्तहरू’ भन्दै १२ बुँदाको एउटा नोट सार्वजनिक गरे। जसको अन्तिममा ‘बरु यही संविधानमा राष्ट्र प्रमुखको रूपमा राजा वा बेबी किङ स्वीकार गरौँ, तर वैदेशिक हस्तक्षेप स्वीकार नगरौँ है’ भन्दै राजाको पक्षमा जनमत बुझ्ने काम गरे।

लगत्तै उनकी छोरी पूर्णिका शाहले ‘आज मध्यरातसम्म ठूलै निर्णय आउन सक्ला’ भन्दै फेसबुकमा स्ट्याटस लेखिन्। उनले बिहीबार राति नै एउटा ग्रुपमा राजा फर्कने भन्दै तयारी अवस्थामा रहन साथीहरूलाई सन्देश छोडेकी थिइन् । तर, अहिले त्यो सन्देश ग्रुपबाट हटाइएको उनी निकटस्थले बताएका छन्।

केही राजावादी नेता–कार्यकर्ताले फेसबुकमा यो हल्लालाई बल मिल्ने गरी राजा ज्ञानेन्द्र शाह फर्कने आशयको स्ट्याटससमेत लेख्न भ्याए।

भदौ २६ गते बिहीबार राति ९:५० बजे मैले पनि फेसबुकमा एउटा स्ट्याटस लेखेँ, ‘नेताहरूलाई नजरबन्दमा राखेको कुरा आयो। रातिसम्ममा केही नतिजा निस्कन्छ कि के हो ? !’

यसरी नयाँ प्रधानमन्त्री को ? भन्ने रस्साकस्सीकै बीचमा कहीँ, कतैबाट पूर्वराजा ज्ञानेन्द्र शाहलाई राजा घोषणा गरेर नारायणहिटी प्रवेश गराउने तयारी गरिएको कुरा पुष्टि हुने धेरै आधार भेटिएका छन्। नेपाली सेनाले विदेशी हस्तक्षेपभन्दा राजा फर्काउनु ठिक हुने आशय व्यक्त गरेको र नारायणहिटीमा सरसफाइ गर्न बिहीबार राति सेनालाई खटाइएको चर्चा पनि चलेकै हो।

तर, पूर्वराजा ज्ञानेन्द्र शाहले कहीँ, कतैबाट आएको राजा बन्ने प्रस्तावलाई अस्वीकार गरेका थिए रे ! उनले नेपाली जनताले नभनी सुटुक्क राजा नबन्ने जवाफ फर्काएका थिए रे !

पूर्वराजा ज्ञानेन्द्र शाहको बारेमा म अरु धेरै कुरा लेख्न चाहन्नँ, तर उनले २०६२–०६३ को लोकतान्त्रिक आन्दोलन तथा २०७२ सालको गणतान्त्रिक संविधानपछि राजगद्दी छोड्दा अपनाएको शान्तिको बाटो र अहिले पुनः राजगद्दी सम्हाल्न आएको प्रस्तावलाई अस्वीकार गर्दै सार्वभौम नेपाली जनतालाई भरोसा गरेको विषय प्रशंसनीय छ।

राजनीतिक दलका कुरा

जेन्जी आन्दोलनपछि राजनीतिक दल पुनर्गठनको बहस चर्को ढङ्गले उठिरहेका छन्। मुख्य दल कांग्रेस, एमाले र नेकपा माओवादी केन्द्रका अध्यक्षले राजीनामा गरेर नयाँ पुस्ताका लागि मार्ग प्रशस्त गर्नुपर्ने दबाब बढ्दै गएको देखिन्छ। विशेषतः पार्टीभित्रकै प्रतिपक्ष (विभिन्न कारणले मुख्य नेतृत्वसँग असन्तुष्ट रहेका) ले नेतृत्व परिवर्तनको मुद्दालाई मुख्य रूपमा उठाइरहेका छन्। यसमा केही ठूला मिडियाले पनि साथ दिइरहेको देखिन्छ।

तर, के जेन्जी आन्दोलनको उद्देश्य ठूला दलको नेतृत्व परिर्वतनमात्र हो त ? दलमा नेतृत्व परिवर्तनपछि भ्रष्टाचारको अन्त्य, मुलुकमा सुशासन कायम हुने र प्रत्यक्ष निर्वाचित कार्यकारीमार्फत सरकारको स्थायित्व सम्भव छ ? यसको लागि पार्टीले अवलम्बन गरेको नीति परिवर्तन गर्नुपर्दैन ?

जेन्जी अभियन्ताले आफ्नो आन्दोलनको मुख्य मुद्दा प्रत्यक्ष निर्वाचित कार्यकारी (प्रधानमन्त्री वा राष्ट्रपति) र सरकारको स्थायित्वलाई बनाएका हुन् । उनीहरूको मान्यताअनुसार यी दुई कुरा सम्भव भएपछि सुशासन, दिगो शान्ति, भ्रष्टाचारको अन्त्यजस्ता कुरा सम्भव हुन्छ भन्ने नै हो । र, यो अहिलेको आवश्यकता पनि हो।

तर, मुलुकले यति ठूलो मानवीय तथा भौतिक क्षति व्यहोर्दासम्म पनि राजनीतिक दलहरूको ध्यान भने नेता परिवर्तन तर्फ मात्र केन्द्रित देखिन्छ । नीति परिवर्तनमार्फत जेन्जी आन्दोलनका माग सम्बोधन हुनुपर्छ भन्ने तर्फ कुनै पनि नेताको ध्यान पुगेको देखिएको छैन। बरु, नेताहरू त आन्दोलनको रापमा आफ्नो स्वार्थको रोटी सेक्न मात्र उद्धत देखिएका छन्।

जेन्जी आन्दोलनको क्रममा उत्पन्न विषम परिस्थितिपछि म भदौ २३ गते रातिदेखि नै राम्रोसँग निदाउन सकिरहेको थिइनँ। राति ११–१२ बजेसम्म मेरा आँखा सामाजिक सञ्जालका वालहरू र विभिन्न अनलाइनका खबर हेर्न चनाखो भइरहेका थिए।

नेताको यस्तो मानसिकताले अझै पनि मुलुकमा राजनीतिक परिवर्तन सम्भव देखिँदैन । दलका युवा नेताले नीति परिवर्तनमा जोड दिँदै जनसमर्थन जुटाउन सके अहिले नेतृत्व गरिरहेका नेताहरू आफैँले आत्मालोचनासहित पद हस्तान्तरणको घोषण गर्छन् भन्ने लाग्छ।

अहिलेको परिस्थिति आउनमा दलका नेताहरूको कमी–कमजोरी पनि मुख्य हो भन्ने विषयमा द्विविधा छैन । तर, मुलुकमा राजनीतिक परिवर्तनका लागि पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, शेरबहादुर देउवा, पुष्पकमल दाहाल, माधवकुमार नेपाल, झलनाथ खनाल, डा. बाबुराम भट्टराईलगायतको भूमिकालाई कम आँक्न सकिँदैन। त्यसैले यो विषम परिस्थितिमा दलका युवा नेताहरूले पनि आगोमा घ्यू थप्ने हैन, नेतृत्वमा रहेका नेताको आत्मसम्मान जोगाउँदै नीति परिवर्तनमार्फत् नेतृत्व हस्तान्तरणको वातावरण बनाउने कुरामा जोड दिनुपर्छ।

लगभग ४८ घण्टाको अवधिमा मुलुकमा आमूल परिवर्तन गर्न सकेको जेन्जी आन्दोलनलाई दलका नेतृत्वकर्ता र युवा नेताले नजिकबाट नियालेका छन् । जनताको शक्ति आँकलन गरेका छन् । त्यसैले पूर्वराजा ज्ञानेन्द्र शाहले जनता र राजनीतिक दलको समर्थनबेगर राजगद्दीमा फर्कन्न भनेर नागरिक शक्तिलाई आत्मसात् गरे जसरी नै राजनीतिक दल र त्यसका नेतृत्वकर्ताले पनि अधिकतम नैतिकता देखाउँदै नागरिक शक्तिलाई आत्मसात् गर्छन् भन्ने विश्वास गरौँ । (नेपालप्रेस)

# रङ्गीन सपनाले सजिएको वाटरपार्क

रुपनी जिएम

बाँकेको नेपालगञ्ज उपमहानगरपालिका–१ मा अवस्थित वाटरपार्क दसैँ नजिकिँदै गर्दा एक विशेष रङमा रङ्गिएको छ। पानीका फोहरा, झिलीमिली बत्ती, रङ्गीचङ्गी फूल र आकर्षक सजावटले अहिले वाटरपार्क साँच्चिकै दुलही झैँ देखिन्छ। तर, यो झिलीमिली सजावट कुनै व्यावसायिक कम्पनीले गरेको हो, न त समाजका अगुवाहरुले नै गरेका हुन्।

यो त आफ्नै श्रम, लगानी र सपनाले भरिएका १० जना युवाको साझा प्रयास हो, जसको उद्देश्य मात्र पर्यटक तान्नु होइन, आफ्नो भविष्य सुरक्षित गर्नु पनि हो । ती युवाहरू फोटोग्राफर हुन्, जसले क्यामेराको माध्यमबाट आम्दानीसँगै आत्मसम्मान र स्वदेश प्रेम कमाइरहेका छन्। यी सबै युवाहरू वाटरपार्कमा बोटिङ गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकको फोटो र भिडियो खिच्ने गर्छन् । उनीहरूको आम्दानी सोही फोटो तथा भिडियो सेवाबाट हुन्छ।

चाडपर्वको समयमा बढी पर्यटक आउँछन् भन्ने विश्वासले उनीहरूले आफ्नै खर्चमा वाटरपार्कलाई सजाएका हुन् । उनीहरूको बुझाइमा सजावटले पर्यटक तान्छ, पर्यटकले खुसी अनुभव गर्छन्, रमाइलो गर्छन् र त्यसबाट फोटो खिचाउने इच्छाशक्ति बढ्छ। अनि त्यही बाटो हुँदै उनीहरूको आम्दानी बढ्छ । सजावट, कमाई र भविष्यबीच उनीहरूले स्पष्ट सम्बन्ध देखेका छन्।

जाजरकोटको कुशेगाउँपालिका–७ का २३ वर्षीय दिनेशसिंह ठकुरी भन्नुहुन्छ, ‘हामीले पर्यटकलाई खुसी पार्न, रमाइलो दिन र आफ्नो रोजगारी सुरक्षित गर्न वाटरपार्कलाई दुलही जस्तै सजाएका हौँ।’ दिनेशले आठ महिनादेखि फोटोग्राफी गर्दै आउनुभएको छ। प्लस टूको पढाइ सकेपछि उहाँले वैदेशिक रोजगारीको विकल्पमा स्वदेशमा नै सीपमार्फत आत्मनिर्भर हुने बाटो रोज्नुभयो । दिनेशको दैनिक आम्दानी सामान्य अवस्थामा सात–आठ सय रुपैयाँ रहन्छ भने चाडपर्वको समयमा हजारदेखि १२ सय रुपैयाँसम्म पुग्ने गरेको छ। ‘म यो काम केवल पैसा कमाउनका लागि गर्दिनँ, म आफ्नो आत्मसम्मानका लागि गर्छु। विदेश जानुभन्दा आफ्नै देशमै केही गर्नु आवश्यक छ भन्ने सोचले मलाई यहाँ ल्याएको हो,’ उहाँले भन्नुभयो।

त्यस्तै बाँकेको खजुरा गाउँपालिका–७, गुन्हानाका २३ वर्षीय मुजम्मिल खान पनि एक वर्षदेखि फोटोग्राफी गर्दै आइरहनुभएको छ । शुरुमा मोबाइलबाट फोटो खिच्ने मुजम्मिल अहिले क्यामेरा चलाउने भइसक्नुभएको छ । उहाँ भन्नुहुन्छ, ‘हामीले वातावरण राम्रो बनायौँ भने फोटो राम्रो आउँछ, फोटो राम्रो आयो भने पर्यटक खुसी हुन्छन्, अनि पर्यटक खुसी भए भने हामीले काम पाउँछौँ। त्यसैले हामीले यो सजावट गरेका हौँ।’ मुजम्मिलको आम्दानी पनि दिनेशको जस्तै दिनमा आठदेखि नौ सय रुपैयाँसम्म हुने गरेको छ। चाडपर्व र केही विशेष अवसरमा भने त्यो रकम हजारदेखि १२ सय रुपैयाँसम्म पुग्ने गरेको छ। उहाँका लागि यो आम्दानीले परिवार धान्न र भविष्य निर्माण गर्न ठूलो टेवा दिएको छ । ‘घरमा आमा, बुबा, दुई बहिनी छन् । मैले कमाएको पैसाले घरको खर्च, बहिनीको पढाइ, आमाको उपचार, सबै चलेको छ,’ उहाँले भन्नुभयो, ‘काम गर्दा सम्मान पाइन्छ । यहाँ घुम्न आउने पर्यटकले फोटो खिचिदिएबापत पैसा मात्र दिँदैनन्, धन्यवाद दिन्छन् र रमाउँछन् पनि। त्यो नै सबैभन्दा ठूलो सन्तुष्टि हो।’

त्यसैगरी, जुम्लाको गुठीचौर गाउँपालिका–४, खललावडाका २४ वर्षीय सर्जन नेपालीले भने दुई वर्षदेखि क्यामेरा चलाउँदै आइरहनुभएको छ । शुरुमा उहाँले फोटो खिचेर पैसा कमाउन सकिन्छ भन्ने कल्पना पनि गर्नुभएको थिएन। तर, जब उहाँले पहिलो दिन तीन सय रुपैयाँ कमाउनु भयो त्यस दिन उहाँ खुसीले रुँदै भाडामा बसेको कोठामा पुगेको बताउनुभयो।

‘फोटो खिचेर पनि पैसा कमाइन्छ भन्ने मैले सोचेकै थिएन । जुन दिन मैले पहिलोपटक तीन सय कमाएँ, त्यो दिन मेरो जीवनको सबैभन्दा ठूलो उपलब्धि जस्तो लाग्यो। त्यो तीन सय रुपैयाँ समातेर म खुसीले रुँदै कोठामा पुगेको छु,’ उहाँले सम्झँदै भन्नुभयो, ‘दोस्रो दिनको मेरो कमाई हजार रुपैयाँ भयो र त्यही दिन मैले निर्णय गरेँ, विदेश जानु पर्दैन। अब देशमै केही गर्न सकिन्छ।’

अहिले सर्जनको कमाई मासिक तीस भन्दामाथि नै हुने गरेको छ। ‘त्यो पैसाले कोठा भाडा, खाना खर्च, कपडा, फोन खर्च, अनि घरमा आमालाई पैसा पठाउने काम सबै गरेको छु,’ उहाँ भन्नुहुन्छ, ‘यस्ले मलाई आत्मनिर्भर बनाएको छ।’

नेपालगञ्ज बाँके–२, पुरैनाका २१ वर्षीय विजय मिश्र पनि एक वर्षदेखि फोटोग्राफीमा सक्रिय हुनुहुन्छ। पाँच जनाको परिवार, प्लस टू सकेर पढाइ छोड्नु परेको अवस्था, आर्थिक अभावले उनलाई धेरै चाँडै जीवनसँग जुध्न सिकायो। जब उहाँले क्यामेरा चलाउन शुरु गर्नुभयो, तब उहाँलाई लाग्यो, जीवन फेरि पनि नयाँ ढङ्गले शुरु गर्न सकिन्छ। ‘शुरुमा लाज लाग्थ्यो, तर आज म यो कामप्रति गर्व गर्छु,’ विजय भन्नुहुन्छ, ‘हाल मेरो दैनिक आम्दानी नौ सयदेखि एक हजारसम्म पुग्ने गर्छ। यसले नै मेरो सबै घर खर्च र दैनिकी चलेको छ।’ पढाइ रोकिए पनि सपना नरोकिएको विजय बताउनुहुन्छ । ‘म अनलाइनबाट फोटोग्राफीसम्बन्धी कोर्स गर्दैछु। म चाहन्छु, एकदिन मेरो फोटोले देशको कथा सुनाओस्।’

यी चार जना युवा मात्र होइन, वाटरपार्कमा कार्यरत १० जना फोटोग्राफर देशमै बसेर आत्मनिर्भर बन्ने उद्देश्यमा केन्द्रित छन् । उनीहरूलाई पर्यटन र फोटोग्राफीको संयोजनले नेपालभित्रै भविष्य देख्न सकिन्छ भन्ने लागेको छ। उनीहरू भन्छन्, ‘पर्यटकलाई सेवा दिँदा, हाँसीखुसी फोटो खिच्दा, रमाइला क्षण टिप्दा, हामी पैसा मात्र होइन, आत्मसम्मान कमाइरहेका हुन्छौँ।’ सजावटमा उनीहरूले प्रयोग गरेका फूल, बत्ती, रङ किन्न उनीहरूले आफ्नै आम्दानी प्रयोग गरेका हुन् । ‘कोही कम्पनीले सहयोग गरेको होइन । कुनै समाजका अगुवाहरुले यो सजाएका हैनन् । हामीले बेलुकी काम सकेर, पसलहरूमा पुगेर लाइट, सजावट सामग्री किनेका हौँ,’ दिनेशले भन्नुभयो।

यसरी उनीहरूले वाटरपार्कको सौन्दर्यमा आफ्नो पसिना मिसाएका छन् । पर्यटकको संख्याले उनीहरूको मेहनतको मूल्याङ्कन गर्छ–जति बढी पर्यटक, उति बढी सम्भावना। नेपालका कैयौँ युवाहरु विदेश जान लाइनमा छन् । तर नेपालगञ्जमा नै भविष्य देखेका यी युवाहरूले भने आम्दानीको बाटो वाटरपार्क र नेपालगञ्जमा रहेका अन्य पर्यटकीय स्थललाई रोजेका छन्।

उनीहरूको बाटो भने पक्कै सजिलो छैन । गर्मीमा घाम, जाडोमा शीत, अनि वर्षामा खाल्डाखुल्डी र चिप्लो बाटो। तर, यी सबै कठिनाइहरूमाथि उनीहरूको जोस भारी छ। ‘जब एक जना पर्यटकले भन्छ, ‘वाह, धेरै राम्रो फोटो आएको छ,’ तब हामी सबै दुःख बिर्सन्छौँ,’ मुस्कुराउँदै मुजम्मिलले भन्नुभयो । यी युवाहरूलाई हेर्दा लाग्छ—देशमा केही गर्न सकिन्छ भन्ने भनाइ केवल नारा होइन, व्यवहारमा उतार्न सकिने सत्य पनि हो।

उनीहरूले प्रमाणित गरेका छन्, कि वैदेशिक रोजगारी नै एक मात्र विकल्प होइन । सीप, प्रतिबद्धता र स्वदेश प्रेमले पनि मानिसलाई आत्मनिर्भर बनाउँछ । ‘हामी पैसा कमाइरहेका छौँ, तर त्यो पैसासँगै हामीले हाम्रो आत्मसम्मान पनि कमाइरहेका छौँ। हामी काम गरिरहेका छौँ, तर त्यो काममा माया, सम्मान र देश प्रेम मिसिएको छ,’ दिनेशको यो भनाइमा ती सबै युवाको आवाज समेटिएको छ।

आजका जेन्जी पुस्ताका लागि पनि यी चार युवाको उदाहरणले राम्रै प्रेरणा दिनसक्ने पार्कमा घुम्न आउनु जो कोही पनि भन्ने गर्दछन् । आज उनीहरूको सजावटले वाटरपार्क झलमल देखिएको छ। पर्यटक रमाइरहेका छन्। फोटो खिचिरहेका छन्। अनि ती फोटोभित्र यी युवाहरूको मिहेनत, सपना र स्वाभिमान पनि कैद भइरहेको छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# नयाँ निवास गुन्डुमा सार्वजनिक भए ओली



**काठमाडौं।**
नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली भक्तपुरको गुन्डुस्थित निवासमासार्वजनिक भएका छन्।
मंगलबार ओली नयाँ निवास गुन्डुमा पार्टीका नेताहरुसहित सार्वजनिक भएका हनु ।उनलाई भेट्नका लागि पार्टीका विभिन्न नेता तथा कार्यकर्ताहरु गुन्डु पुगेका थिए।
गत भाद्र र २४ गते भएको जेनजी आन्दोलनपछि उनले प्रधानमन्त्री पदबाट राजीनामा दिएपछि उनी आज पहिलो पटक सार्वजनिक भएका हुन्।
त्यसैगरि नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले देश बनाउने कर्मठ युवाहरु जिम्मेवार रुपमा प्रस्तुत हुनुपर्नेमा जोड दिएका छन।
भक्तपुरको सूर्यविनायकस्थित निवासमा युवा सङ्घ नेपालका पदाधिकारी एवं कार्यकर्ताहरुलाई सम्बोधन गर्दै उनले युवाहरु देशभक्तिको भावका साथ अत्यन्तै जिम्मेवार भएर अघि बढ्नुपर्नेमा जोड दिएका हुन।
अध्यक्ष ओलीले भने, 'हामीले समाजलाई सुसंस्कृत, सभ्य र विकसित बनाउन लाग्नुपर्छ । असभ्य र गैह्रजिम्मेवार हुनु हुँदैन। देश र समाजप्रतिको कर्तव्य बुझेर युवाहरुले काम गर्नुपर्छ । युवाहरु हावामा कुद्न हुँदैन।'
उनले जेनजी प्रदर्शनका क्रममा देशले ठूलो क्षति व्यहोर्नुपरेकामा चिन्ता व्यक्त गर्दै नेपाल र नेपालीलाई माया गर्नेले त्यसरी आगजनी, तोडफोड र लुटपाट गर्न नसक्ने धारणा व्यक्त गरे।
अध्यक्ष ओलीले भने, 'बादल लाग्यो भन्दैमा फेरि आकाश उघ्रँदैन भन्ने होइन । साँझ परेपछि सधैँ साँझ परिरहन्छ भन्ने होइन । बिहानी पनि आउँछ।
उज्यालो हुन्छ । हामीले हरेस खानु हुँदैन।'

# पत्रकारको पेसागत र भौतिक सुरक्षाप्रति गम्भीर छुः सञ्चारमन्त्री

**काठमाडौँ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले पत्रकारहरूको पेसागत र भौतिक सुरक्षाका सम्बन्धमा राज्यका सम्बन्धित निकायसँग छलफल गर्ने बताएका छन।
नेपाल पत्रकार महासङ्घ, नेपाल टेलिभिजन प्रतिष्ठान शाखाद्वारा मंगलवार आयोजित हेम–सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार वितरण समारोहमा मन्त्री खरेलले पत्रकारहरूको सुरक्षा व्यवस्थाका विषयमा गृहमन्त्रीलगायत सम्बन्धित निकायसँग छलफल गर्ने बताए।
उनले गत चैत १५ गते काठमाडौँ तीनकुनेमा भएको प्रदर्शनको समाचार सङ्कलन गर्ने क्रममा पत्रकार सुरेश रजकको निधन भएको घटनाबारे छानबिन वा उचित न्यायका लागि पहल गर्ने बताए । रजकसँगै विभिन्न आन्दोलन एवं प्रदर्शनका क्रममा मृत्यु वा घाइते भएका पत्रकारका विषयमा समेत छानबिन गर्ने उनको भनाइ थियो।
यस वर्षको हेम–सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कारबाट एभिन्यूज टेलिभिजनका क्यामरापर्शन रजकलाई मरणोपरान्त प्रदान गरेको छ। मन्त्री खरेलले यस पुरस्कारले रजकसँगै स्व पत्रकारहरू हेम–सुनिलप्रति श्रद्धाञ्जली अर्पण गरे।
'सम्मानले परिवारलाई धैर्यता र साहस दिन्छ, स्व पत्रकार रजकको न्यायका लागि मन्त्रालय तत्पर हुनेछ। गृहमन्त्रीसँग छलफलमा बसेर कुरा गर्नेछु। प्रधानमन्त्रीसमक्ष पनि यो कुरा पु¥याउने छु', उनले भने, 'पत्रकारको जीवन व्यवस्था परिवर्तन गर्दा होस वा सरकार परिवर्तन, प्राकृतिक वा मानव निर्मित जोखिम कुनै पनि कालखण्डमा जोखिम मालेर काम गरिरहेका हुन्छौँ । गाँस, बास कपासको दुःख हुन्छ तर हामीले देश, राष्ट्र जनताका लागि कलम चलाइरहनुपर्ने, आवाजहरू दिइरहनुपर्छ । आफू मरेको थाहै हुँदैन, आफू अधिकारविहीन, आफू अन्यायमा परेका थाहै हुँदैन।'
मन्त्री खरेलले सार्वजनिक सेवा प्रसारण नेपाल (पिएसबी) लाई स्वतन्त्र, व्यावसायिक र आर्थिक रूपमा आत्मनिर्भर बनाउनुपर्नेमा समेत जोड दिए । 'रेडियो नेपाल र नेपाल टेलिभिजन मर्ज हुनु पिएसबी हुनु हो भन्नेमा ढुक्क नहोऔँ। जिम्मेवार, जवाफदेही, स्वतन्त्र र व्यावसायिक पिएसबी बनाउँछौँ भन्नेमा मेरो विश्वास छ', उनले भने।
सो समारोहमा मन्त्रालयका सचिव राधिका अर्यालले स्व पत्रकार रजकको परिवारको मागअनुसार न्यायका लागि मन्त्रालय प्रतिबद्ध रहेको बताए। स्व पत्रकार रजकको परिवारले उक्त घटनाको दोषी पत्ता लगाई कारबाहीको दायरामा ल्याउनुपर्ने माग राखे थिए।
सार्वजनिक प्रशारण सेवा नेपालका अध्यक्ष डा महेन्द्र विष्टले सार्वजनिक सेवा रूपान्तरणको क्रममा रहेको उल्लेख गर्दै यस सेवालाई सही तवरले परिभाषित गर्नुपर्नेमा जोड दिए। त्यसका लागि आवश्यक आधार तयार गर्नका लागि सबैको सहयोग आवश्यक रहेको उनको भनाइ छ।
नेपाल पत्रकार महासङ्घ नेपाल टेलिभिजन प्रतिष्ठान शाखाका अध्यक्ष सुरेन्द्र पौडेलले पिएसबीको मर्मअनुसार पूर्ण सञ्चालन र बजेटको सुनिश्चितताको माग गरे । उनले बजेट सुनिश्चित नहुँदा नेपाल टेलिभिजनका पाँच वटै च्यानलको सञ्चालनमा कठिनाइ देखिएकातर्फ ध्यानार्कषण गराए।
नेपाल टेलिभिजनका पत्रकारद्वय हेम भण्डारी र सुनिल सिंहको स्मृतिमा स्थापित एक लाख रुपैयाँ राशिको हेम सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार २०६४ सालदेखि साहसिक पत्रकारिता गर्ने टेलिभिजन पत्रकारलाई प्रदान गरिँदै आएको छ। पुरस्कार हरेक वर्ष असोज ७ गते विशेष कार्यक्रमबीच प्रदान गरिँदै आएको छ।
विसं २०६३ असोज ७ गते समाचार सङ्कलनका क्रममा ताप्लेजुङको घुन्सामा हवाई दुर्घटनामा नेपाल टेलिभिजनका हेम भण्डारी र सुनिल सिंहको निधन भएको स्मृतिमा हरेक वर्ष महासङ्घ टेलिभिजन प्रतिष्ठान शाखाले पुरस्कार प्रदान गर्दै आएको छ।रासस

# भू–उपयोग नियमावली संशोधनको प्रक्रिया अघि बढाइनेः मन्त्री सिन्हा



**काठमाडौँ ।**
भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री अनिलकुमार सिन्हाले भू–उपयोग नियमावली संशोधनको प्रक्रियाअघि बढाउने निर्णयमा हस्ताक्षर गरेका छन ।
सिंहदरबारस्थित मन्त्रालयमा मंगलवार पदभार ग्रहण गर्दै भूमिव्यवस्थामन्त्री सिन्हाले हालसम्म भूमि सुधारका क्षेत्रमा थुप्रै काम भए तापनि कित्ताकाट रोकिएका कारण विकाससम्बन्धी काम प्रभावित भएकाले सहजीकरणका पक्षमा संशोधन गरिएको स्पष्ट गरे । उनले भने, 'विशेषगरी कित्ताकाट रोकिएको विषय, विकास आयोजनाका लागि जग्गा प्राप्तिसम्बन्धी विषय र कृषियोग्य जमिनको संरक्षण तथा सदुपयोलगायतका विषयलाई प्राथमिकतामा राखी भू–उपयोगसम्बन्धी ऐन तथा नियमावली संशोधन गर्न आवश्यक छ ।' मन्त्री सिन्हाले स्थानीय तहलाई दिइएको अधिकार पर्याप्त नभएकाले केन्द्रबाट आवश्यक सहजीकरण गर्नुपर्ने धारणा राख्दै देश र जनतालाई केन्द्रमा राखेर वैज्ञानिक एवं वस्तुनिष्ठ ढङ्गबाट जग्गा व्यवस्थापन गर्नुपर्ने धारणा व्यक्त गरे ।
पदभार ग्रहणका अवसरमा सचिव तथा उच्चअधिकारीहरुले मन्त्री सिन्हालाई स्वागत गर्दै मन्त्रालयको वर्तमान अवस्था, कार्ययोजना र प्राथमिकताबारे जानकारी गराएका थिए ।रासस

# भौतिक पुनःनिर्माण मात्रै होइन आर्थिक पुनरुत्थान आवश्यक छः झ्वाली

**काठमाडौं ।**
लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले आन्दोलनपछि डर र आशा दुवै रहेको बताएका छन् ।
नेपाल आर्थिक पत्रकार संघ(नाफिज)ले आयोजना गरेको अर्थतन्त्र पुनरुत्थानको आगामी बाटो विषयक कार्यक्रममा ज्ञवालीले अबको पुननिर्माण भौतिक मात्रै नभएर आर्थिक पुनरुत्थान आवश्यक रहेको बताएका हुन् ।
भुकम्पपछिको पुनःनिर्माणमा छुट्टै संस्था खडा गरेर बैंकिङ च्यानलमार्फत रकम दिंदा सफल भएको बताए । उनले भुकम्पछि धेरै युवाहरुको सहयोग जस्तै अबपनि आत्मबल बढाएर अघि बढ्नुपर्ने बताए ।
'श्रीलंकामा आन्दोलन हुँदा त्यहाँको अर्थतन्त्र नकरात्मक अवस्थामा रहेको थियो । नेपालको अर्थतन्त्रका सूचक राम्रो अवस्थामा छन्,'ज्ञवाली भन्छन्,'अब निजी क्षेत्रको विश्वास जितेर जान सक्दा छिटो नै अर्थतन्त्रको पुनरुत्थान हुन सक्छ ।'
सरकारले अबका कार्यक्रम बनाउँदा आर्थिक क्षेत्रसंग जोडर बनाउनुपर्ने बताए । युवालाई शिक्षा सीपसहित विकास गर्न आवश्यक रहेको छ ।
'विभिन्न फोरम र सरकारका प्रतिनिधीले युवाका कुरा नसक्दा विद्रोह हुन्छ,'उनी भन्छन्,'युवाहरुले भोगेका समस्या समयमा सुन्न सक्दा मानिसमा निराशता पैदा हुँदैन ।'



**आशा केन्द्रसँग, समाधान स्थानीय तहबाट**

नेपालको संविधानले तीन तहको सरकारको परिकल्पना गरेको छ । जेनजी आन्दोलनपछि केन्द्रिय सरकासंग बढी अपेक्षा गरिएको भएपनि प्रदेश र स्थानीय तहमार्फत धेरै विषय समस्या समाधान गर्न सकिने ज्ञवलीले बताए ।
'केन्द्र सरकारसंग मात्रै मुख ताक्दा युवाले खोजेका सबै सेवा सहज पाउँदैनन् । स्थानीय तहबाट कार्यान्वयन हुने विषय त्यहींबाटै हुनुपर्छ,'उनले भने ।
सरकारी नीति नियमको कारण परिणाममा भन्दा प्रक्रियामा भूल्ने गरेकोमा परिर्वतन हुनुपर्ने बताए । उनले बैदेशिक लगानी भित्राउनको लागि सार्वजनिक निजी साझेदारीको मोडलमा नै अघि बढ्नुपर्ने बताए ।
'लगानी बोर्डका लामो समयदेखि वन स्टप सर्भिस सेन्टरको प्रणाली छ । तर त्यसको कार्यन्वयन राम्रोसंग हुन सकेको थिएन,'उनले भने,'अध्यादेशबाट कानुन संशोधन भएर कर्मचारीलाई अधिकारसहितको जिम्मेवारी दिएका छौं । अब कार्यविधी बनाएर त्यसलाई छिटो कार्यन्वयन गर्छौं ।'
सरकार परिवर्तन हुनासाथ नीति परिवर्तन हुँदा वैदेशिक लगानीकर्तामा विश्वास पैदा हुन सकेको छैन । लगानी बोर्डको संरचना नै परिवर्तन गरेर बोर्डमा सरकार र विपक्षी दल सहितका प्रतिनिधी हुनेगरी अघि बढेको छ । अब त्यसमा थप छलफल गरेर टुंगाउनु पर्ने उनले बताए ।

# शिक्षामन्त्रीलाई मन्त्रालयका कामबारे 'ब्रिफिङ': विज्ञान, प्रविधिमा जोड

**काठमाडौँ ।**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले मन्त्रालय र सम्बन्धित निकायका प्रमुखसँग मन्त्रालयका काम र आगामी प्राथमिकताका विषयमा 'ब्रिफिङ' लिएका छन ।
केशरमहलस्थित मन्त्रालयमा सोमबार कार्यभार सम्हाल्नुभएका मन्त्री पुनले मंगलवार सचिवद्वय चूडामणि पौडेल र विश्वबाबु पुडासैनीलगायत महाशाखा प्रमुख र मातहत निकायका कामबारे जानकारी लिएका हुन ।



मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाका अनुसार उनले विज्ञान र प्रविधि क्षेत्रमा स्रोतसाधन वृद्धि गरी विद्यालयस्तरदेखि कम्प्युटर शिक्षालाई महत्त्व दिन निर्देशन दिए ।
मन्त्री पुनले पद बहालीका क्रममा विज्ञान र प्रविधि क्षेत्रमा मन्त्रालयलाई सुझाव दिन विभिन्न चारवटा सल्लाहकार समिति गठनको कार्यादेश समावेश गरिएको प्रस्तावलाई स्वीकृत गरेका थिए ।
यसैबीच, मन्त्री पुनको इच्छाबमोजिम उहाँलाई मन्त्रालयमै आवासको प्रबन्ध गर्न मन्त्रालय प्रशासनले आवश्यक तयारी गरेको छ । मन्त्री पुनले आफू जहाँ काम गर्यो, त्यहीँ बस्दै आएकाले सुत्ने खाट र भान्छा कोठाको व्यवस्था गर्न निर्देशन दिएका थिए ।रासस

# नवनियुक्त कार्यकारी निर्देशक सिलवाल भन्छन्ः मन्त्रीज्यूको निर्देशन कार्यान्वयन हुन्छ

काठमाडौं ।
नेपाल विद्युत प्राधिकरणका नवनियुक्त कार्यकारी निर्देशक मनोज सिलवालले मंगलबार पद्भार ग्रहण गरेका छन् । पदभार ग्रहण गर्दै सिलवालले दुई वटा निर्णयमा हस्ताक्षर समेत गरेका छन् ।
निर्णयहरुमा १०औँ तहभन्दा माथिका कर्मचारी सरुवा सञ्चालक समितिमा लाने व्यवस्था संशोधन गर्दै कार्यकारी निर्देशकलाई नै अधिकार दिन प्रस्ताव गरिएको छ । त्यस्तै आर्थिक नियमावली अनुसार ठूलो पुँजीका आयोजना र कामहरूको प्रतिस्पर्धापछि नापजाँच गर्नको लागि समिति बनेको छ ।
पदभारको क्रममा सिलवालले दशैँ र तिहारको नजिक रहेको भन्दै विद्युतलाई नियमित आपूर्ति गर्न र डेलिकेडेट र ट्रंक लाइनको पैसा उठाउने निर्देशन कार्यान्वयन गर्ने बताए ।
उनले भने, 'दशैँ र तिहारको संघारमा छौं । यो बेला कसरी हुन्छ विद्युतलाई नियमित आपूर्ति गर्ने भन्ने पहिलो प्राथमिकता हो त्यसमा काम गर्छौं । योसँगै नवनियुक्त मन्त्रीज्यूले डेलिकेडेट र ट्रंक लाइनको पैसा उठाउन निर्देशन दिनुभएको छ । त्यो निर्देशनलाई कार्यान्वयन गर्नतिर हामी जान्छौ ।'
सिलवालले सेवा प्रवाहलाई चुस्त दुरुस्त र गति बढाउन पर्ने धारणा समेत राखे ।
'मलै तीन चारवटा कुरा मनन गरेको छु, अहिलेको युवा पुस्ताले के खोजेको हो भने एउटा सिस्टम खोजेको हुन् । हामीले बाटो काट्दा पनि यसो हेर्यौं भने सटकर्ट खोज्छौ । उनीहरु जेब्राक्रसिङ खोज्छन् । यसलाई मनन गरेर हामीले दिनुपर्ने केहोसेवा प्रवाहलाई चुस्त दुरुस्त गर्नुपर्यो र सेवा सुविधाको गति बढाउन पर्यो,'उनले भने ।

# आन्तरिक राजस्व कार्यालयको सेवा वाणिज्य सङ्घबाट

**दाङ ।**
आन्तरिक राजस्व कार्यालय तुलसीपुरले आफ्नो सेवा मंगलबारदेखि शुरु गरेको छ । तुलसीपुर उद्योग वाणिज्य सङ्घको कार्यालयबाट सेवा शुरु गरेको हो ।

सेवाग्राहीको अवस्थालाई मध्यनजर गरी हाललाई करदाता सेवा र राजस्वसम्बन्धी सेवा सञ्चालन गरेको कार्यालयका प्रमुख कर अधिकृत श्रीधर टण्डनले जानकारी दिए । सो कार्यालय अन्तर्गत दाङ, पूर्वी रुकुम, प्यूठान, रोल्पालगायत जिल्लाका गरी ३५ हजार बढी करदाताहरु छन् । जेनजी प्रदर्शनका क्रममा कार्यालयका दुईवटा भवन र निवास पूर्ण रुपमा क्षतिग्रस्त छन् ।

दुई गाडी, कार्यालयभित्र रहेका सम्पूर्ण सामग्री जलेर नष्ट भएका छन् । 'भवनमा बस्न नमिल्ने भनि प्राविधिक टोलीले सुझाव दिएको कार्यालय प्रमुख टण्डनले बताए । तत्कालका लागि तुलसीपुर उद्योग वाणिज्य सङ्घले निःशुल्क उपलब्ध गराएको कार्यालयबाट सेवा शुरु गरिएता पनि केही समयपछि भाडाको घरबाट सेवा दिनुपर्ने अवस्था रहेको प्रमुख कर अधिकृत टण्डन बताउछन । जिल्लाका धेरै सरकारी कार्यालयले अझै सेवा शुरु गर्न सकेका छैनन् । केही कार्यालयले पाल टाँगेर सेवा सञ्चालन गरेका छन् ।रासस

# विदेशको अनुभव, स्वदेशमा उपयोग

**भोजपुर ।**
वर्षौंदेखि विदेशमा श्रम गरे पनि अपेक्षित कमाई र सन्तुष्टि नपाएका यहाँका युवाहरू अहिले आफ्नै गाउँ फर्किएर व्यावसायिक कृषि, जडीबुटी तथा पशुपालनमार्फत मनग्य आम्दानी गर्न थालेका छन् । विदेशको भोगाइ र अनुभवलाई सँगालेर थालेका व्यवसायबाट उनीहरूले मनग्य लाभ उठाइरहेका छन् ।



टेम्केमैयुङ गाउँपालिका–१, तिम्माका प्रेमबहादुर बस्नेत त्यसको एक उदाहरण हुन । लामो समय विदेशका विभिन्न देशमा पसिना बगाए पनि सोचेजस्तो आम्दानी नभएपछि बस्नेत गाउँ फर्किएर व्यवसायमा जोडिएका छन । अहिले गाउँमा नै बाख्रापालन तथा जडीबुटीखेतीबाट राम्रै आम्दानी भइरहेको उनले बताए । परिवारसँग बसेर गाउँमा गरिरहेको उद्यमबाट घरखर्च चलाउन कुनै समस्या नरहेको बस्नेतको भनाइ छ ।

'विदेशमा धेरै दुःख गरेँ, तर आम्दानी भनेजस्तो भएन', बस्नेतले भने, 'अहिले आफ्नै गाउँमा बसेर बाख्रापालनसँगै जडीबुटीखेती गरिरहेको छु । गाउँमा थालेको व्यवसायबाट विदेशमा भन्दा राम्रो आम्दानी भइरहेको छ । मेहनत गरे यही राम्रो आम्दानी हुने रहेछ भन्ने अनुभूति भयो ।'

विदेश जान चाहनेहरूका लागि गाउँमा नै उदाहरणीय बन्ने लक्ष्यका साथ कृषि कर्ममा जुटिरहेको उनको भनाइ छ । व्यवसायमा निरन्तरता दिन सक्ने हो भने त्यसबाट क्रमिक रुपमा लाभ लिन सकिने उनले अनुभव सुनाए । 'हामी छोटो समयमा धेरै लाभ लिन सोच लिन्छौँ', उनले भने, 'तर व्यवसायबाट आम्दानी लिन केही समय धैर्य राख्न सक्नुपर्छ । निरन्तर आफ्नो कर्ममा जुट्ने हो भने सफलता पाइने रहेछ ।'

उद्यममा जोडिन चाहनेहरूले सम्बन्धित काममा ज्ञान र सीप अनिवार्य रूपमा लिनुपर्ने उनको अनुभव छ । कुनै पनि व्यवसाय गर्न न्यूनतम सीप आवश्यक हुने उनले बताए । राज्यका तहहरूले कृषकलाई उद्यममा जोडिनुपूर्व आवश्यक तालिमको व्यवस्था गर्नुपर्ने उनको सुझाव छ ।

हाल भोजपुरका विभिन्न ग्रामीण भेगमा विदेशबाट फर्किएका धेरै युवा व्यावसायिक कृषि तथा पशुपालनतर्फ आकर्षित भइरहेका छन् । तर उनीहरूले व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक ज्ञान, तालिम तथा पशुचिकित्सकीय सेवाको अभाव झेल्नु परेको गुनासो गर्ने गरेका छन् ।

राज्य तहबाट प्रदान हुने सेवाहरू सरल र पहुँचयोग्य भए गाउँमा नै बसेर राम्रो आम्दानी गर्न सकिने उनीहरूको भनाइ छ ।रासस

# काँकरभिट्टा नाकाः आयात बढ्दा निर्यात घट्यो



**झापा ।**
चालु आर्थिक वर्ष २०८२–८३ को पहिलो दुई महिनामा पूर्वीनाका काँकरभिट्टाबाट आठ अर्ब १९ करोड एक लाख मूल्य रुपैयाँ बराबरका मालवस्तु आयात भएका छन् ।

जुन गत आव २०८१–८२ को सोही अवधिको तुलनामा ६८ करोड आठ लाख रुपैयाँ अर्थात् नौ प्रतिशतले बढेको मेची भन्सार कार्यालयका सूचना अधिकारी एंव भन्सार अधिकृत ईश्वरकुमार हुमागाईंले जानकारी दिए । उनका अनुसार गत आवमा सात अर्ब ५० करोड ९२ लाख रुपैयाँ बराबरको वस्तु तथा सामान आयात भएको थियो । चालु आर्थिक वर्षको साउन र भदौ महिनामा यो नाकाबाट हुने निर्यात घटेको छ । चालु आवको दुई महिनामा तीन अर्ब ६० करोड ३७ लाख रुपैयाँ बराबरको सामान विभिन्न मुलुक निर्यात भएको छ । गत आवको सोही अवधिमा तीन अर्ब ८६ करोड २८ लाख रुपैयाँ को वस्तु तथा सामान निर्यात भएको थियो ।

उक्त निर्यात २० दशमलव ६९ प्रतिशतले घटेको सूचना अधिकारी हुमागाईंले बताए ।

पूर्वीनाकाबाट निर्यात हुने मुख्य वस्तुहरुमा अलैंची, फलामे पाता, चिया, प्लाइउड, छुर्पी, अम्रिसो, भेनियर सिट, मोलासिसलगायत रहेका छन्भने आयात हुने मुख्य मालवस्तुहरुमा पेट्रोलियम पदार्थ, जुट, दलहन, पशु आहाराको कच्चापदार्थ, तरकारी, फलफूल, खनिज उत्पादन, तयारी कपडालगायत रहेका छन् ।

कार्यालयका अनुसार चालु आव २०८२–८३ को पहिलो दुई महिनामा आयात निर्यातबाट दुई अर्ब ६२ करोड ९५ लाख १८ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ । जुन गत आव २०८१–८२ को सोही अवधिको तुलनामा आठ दशमलव ६२ प्रतिशत अर्थात् २० करोड ८६ लाख नौ हजार रुपैयाँले बढी हो ।रासस

# माइक्रो इन्टरनेशनलले ल्यायो इन्टेरियर डिजाइनका नवीनतम सामग्री

**काठमाडौं ।**
माइक्रो इन्टरनेशनल नेपालले इन्टेरियर डिजाइनका लागि नयाँ सामग्रीहरु सार्वजनिक गरेको छ । उच्च गुणस्तर, टिकाउ र नवीन समाधानहरू घर तथा भवनको भित्री र बाहिरी ठाउँहरू रूपान्तरण गर्न वा वाललाई आकर्षक बनाउन सकिने सामग्री ल्याएको हो ।



माइक्रो इन्टरनेशनलले भित्ता प्यानल, भुइँ, फर्निचर र खेलकुद उपकरणहरूमा वर्षौंको विशेषज्ञताका साथ, आवासीय र व्यावसायिक वातावरण दुवैलाई बढाउने उच्च–स्तरीय शिल्प कौशल र अत्याधुनिक डिजाइन सेवा प्रदान गर्दै आएको छ ।

माइक्रो इन्टरनेशनल नेपालको लक्ष्य भनेको दिगो, स्टाइलिश र दीर्घकालीन समाधानहरू प्रदान गरेर भित्री र बाहिरी डिजाइनलाई पुनः परिभाषित गर्नु रहेको जनाएको छ । उच्च–गुणस्तरको भित्री भागहरू पहुँचयोग्य, टिकाउ र हस्यात्मक रुपमा आश्चर्यजनक बनाउन उत्कृष्टता र नवीनता प्रतिबिम्बित गर्ने उद्योगले विश्वास लिएको माइक्रो इन्टरनेशनल नेपालका सञ्चालक विकाश न्यौपानेले जानकारी दिए ।

माइक्रो इन्टरनेशनल नेपालले टिकाउ र स्टाइलिश समाधानहरू प्रदान गर्ने प्रमाणित ट्र्याक रेकर्डको साथ, शिल्प कौशल र ग्राहक सन्तुष्टिमा उच्च मापदण्डहरू सेट गर्न जारी राख्छ साथै भित्री ठाउँ, व्यावसायिक सम्पत्ति, वा बाहिरी क्षेत्र स्तरोन्नति, प्रमाणित गुणस्तर र विश्वसनीयताको लागि उद्योगले सेवा दिइरहेको सञ्चालक न्यौपानेले बताए ।

माइक्रो इन्टरनेशनल नेपालका समाग्री पाटन औधोगिक क्षेत्रभित्र रहेको बिरा फर्निचरले बिक्री वितरण गर्दै आएको छ ।

काठसम्बन्धी सबै काम गरिरहेको बिरा फर्निचर उद्योगकी आर्टिटेक अनिता श्रेष्ठले जानकारी दिइन् ।

# ५८ अंक बढ्यो नेप्से कारोबार रकम भने घट्यो

**काठमाडौं ।**
शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार ५८.६३ अंकले बढेर २६८२.२५ बिन्दुमा उक्लेको छ । यस अघिको कारोबार आईतबार नेप्से परिसुचक १११.७० अंकले बढेर २६२३.७० बिन्दुमा उक्लेको थियो ।



यसदिन कुल ३२८ स्टकको ५ अर्ब २९ करोड २७ लाख ७३ हजार ९२५ रुपैयाँ बराबरको १ करोड १३ लाख ५३ हजार १४८ कित्ता शेयर कारोबार भएको छ । आज कारोबारमा आएका मध्ये २३८ कम्पनीको शेयर मूल्य बढ्दा १४ कम्पनीको शेयर मूल्य घटेको छ ।

यद्यपी, अघिल्लो कारोबार दिन ९ अर्ब रुपैयाँ भन्दा बढीको शेयर कारोबार भएको थियो । आज ८ कम्पनीको शेयर सकारात्मक सर्किट लेभलमा पुगेका छन् । जसमा सप्तकोशी डेभलपमेन्ट बैंक, जोशी हाइड्रो, ग्रीन डेभलपमेन्ट बैंक, नारायणी डेभलपमेन्ट बैंक, सिन्धु विकास बैंक, भुगोल इनर्जी, एशियन हाइड्रो र हिम स्टार उर्जा रहेका छन् ।

कारोबार रकमका आधारमा नेपाल पुनर्बीमा कम्पनी अग्रस्थानमा रहेको छ । जसको करिब ३८ करोड ६८ लाख रुपैयाँ बराबरको शेयर कारोबार भएको छ । त्यसपछि युनिभर्सल पावर (१८ करोड ५० लाख) र हिमालयन डिष्टिलरी (१८ करोडभन्दा बढी) प्रमुख कारोबार भएका कम्पनी बने ।

आज सेन्सेटिभ इन्डेक्स ९.०८ अंकले बढेको छ । फ्लोट इन्डेक्स ३.९० अंकले बढेको छभने सेन्सेटिभ फ्लोट इन्डेक्स ३.०१ अंकले बढेको छ ।

यस दिन सबै उपसमूहको परिसूचक बढेको छ । निर्जीवन बीमा उपसमूहको परिसूचक सर्वाधिक ३.४८ प्रतिशत बढेको छ भने जलविद्युत उपसमूहको परिसूचक ३ प्रतिशतभन्दा बढी बढेको छ । तयसैगरी, विकास बैंक, वित्त, होटल तथा पर्यटन, जीवन बीमा, लघुवित्त र अन्य उपसमूहको परिसूचक २ प्रतिशतभन्दा बढी बढेको छ ।

# रुसले हवाई क्षेत्रको उल्लङ्घन तुरुन्त रोक्नुपर्छः नाटो

**रुस ।**
नाटोले पूर्वी युरोपमा भइरहेका हवाई क्षेत्र उल्लङ्घनप्रति गम्भीर चिन्ता व्यक्त गर्दै रुसलाई ती कार्य तत्काल रोक्न चेतावनी दिएको छ । गत साता इस्टोनियाको हवाई क्षेत्रमा रुसी लडाकु विमानले १२ मिनेटसम्म अनधिकृत प्रवेश गरेपछि नाटोले आपतकालीन बैठक बोलाएको थियो ।

त्यसपछि मङ्गलबार नाटोका ३२ सदस्य राष्ट्रहरूले संयुक्त वक्तव्य जारी गर्दै भने,'रुसले यस्ता खतरनाक र उत्तेजनात्मक गतिविधिहरूको पूर्ण जिम्मेवारी लिनुपर्छ । यस्ता कार्यहरूले दुर्घटना, गलत निर्णय र ज्यानको जोखिम बढाउँछन् । यी कार्यहरू तुरुन्त बन्द गरिनुपर्छ ।'

'हामी सबै प्रकारका खतराबाट जोगिन अन्तर्राष्ट्रिय कानुनअनुसार आवश्यक सबै सैन्य वा गैर–सैन्य उपाय अपनाउन तयार छौं ।'

रुसी हवाई उल्लङ्घनलगत्तै नाटोले लडाकु विमान परिचालन गरेको थियो । यसअघि पोल्याण्डको आकाशमा रुसी ड्रोन देखिएपछि पनि नाटोले ती ड्रोन खसालेको थियो ।

यस्ता घटनाहरू दोहोरिन थालेपछि नाटोले पोल्याण्ड, रोमानिया, लात्भिया, लिथुआनिया र फिनल्याण्डजस्ता पूर्वी सीमामा पर्ने राष्ट्रहरूको सुरक्षालाई थप मजबुत बनाउने निर्णय गरेको छ । नाटोले भनेको छ,'रुसका यस्ता गैरजिम्मेवार गतिविधिहरूले युक्रेनप्रतिको हाम्रो समर्थन कमजोर हुने छैन ।'

इस्टोनियाले नाटोको संस्थापक सन्धिको धारा ४ अन्तर्गत आपतकालीन परामर्शको माग गरेको थियो ।

यस धारा अनुसार, कुनै सदस्य राष्ट्रलाई आफ्नो भू–सम्प्रभुता वा सुरक्षामा खतरा महसुस भएमा तत्काल बैठक बोलाउन सकिन्छ । रुसले सन् २०२२ मा युक्रेनमाथि आक्रमण गरेपछि यो तेस्रोपटक धारा ४ प्रयोग गरिएको हो । नाटोको धारा ५ अनुसार, यदि कुनै सदस्यमाथि आक्रमण हुन्छ भने बाँकी सबै राष्ट्रले मिलेर उसको रक्षा गर्छन् ।

यो धारा अहिलेसम्म मात्र एकपटक सन् २००१ को सेप्टेम्बर ११ को आक्रमणपछि प्रयोग गरिएको हो ।एजेन्सी

# दक्षिण कोरियाको व्यापार क्षेत्रमा सकारात्मक प्रगति

**दक्षिण कोरिया ।**
दक्षिण कोरियामा सन् २०२४ मा व्यवसायहरूको संख्या वृद्धि भएको छ । यो वृद्धि विशेष रूपमा विद्युत् तथा प्राकृतिक ग्याँस, साथै थोक तथा खुद्रा क्षेत्रको विस्तारका कारण भएको राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशित तथ्याङ्कमा उल्लेख गरिएको छ ।

तथ्याङ्क अनुसार, सन् २०२४ को अन्त्यसम्म देशभर ६३ लाख ५३ हजार ६७३ व्यवसायहरू दर्ता भएका छन्, जुन अघिल्लो वर्षको तुलनामा १.७ प्रतिशतले वृद्धि भएको हो ।हाल निर्माण तथा रियल स्टेटसम्बन्धी व्यवसायहरूको संख्या केही घटेको देखिए तापनि, विद्युत् तथा प्राकृतिक ग्याँस कम्पनीहरूको संख्या उल्लेखनीय रूपमा, अर्थात् ३३.७ प्रतिशतले बढेको छ । त्यसैगरी, थोक तथा खुद्रा व्यवसायहरूमा पनि २.३ प्रतिशतको वृद्धि देखिएको छ ।

व्यवसायको संख्या अनुसार, थोक तथा खुद्रा क्षेत्र सबैभन्दा अगाडि रहेको छ, जहाँ १६ लाख १२ हजार ८२५ व्यवसायहरू सञ्चालनमा छन् । त्यसपछि आठ लाख ५८ हजार ३७३ व्यवसायहरू सहित आतिथ्य (लजिङ तथा रेस्टुरेन्ट) क्षेत्र दोस्रो स्थानमा छ र ६ लाख ७३ हजार ३२४ व्यवसायहरू सहित यातायात क्षेत्र तेस्रो स्थानमा रहेको छ । व्यवसायहरूद्वारा कुल दुई करोड ५७ लाख ३१ हजार १०५ जनालाई रोजगारी प्रदान गरिएको छ, जुन अघिल्लो वर्षको तुलनामा १.१ प्रतिशतले वृद्धि भएको हो ।

रोजगारीका हिसाबले उत्पादन (म्यानुफ्याक्चरिङ) उद्योग अग्रस्थानमा रहेको छ, जहाँ ४१ लाख ४६ हजार ११९ जना कर्मचारी कार्यरत छन् । त्यसपछि थोक तथा खुद्रा क्षेत्रमा ३५ लाख ९९ हजार ६८० र स्वास्थ्य तथा सामाजिक सेवा क्षेत्रमा २७ लाख ६४ हजार जनाले रोजगारी पाएका छन् । यद्यपि निर्माण तथा आतिथ्य क्षेत्रहरूमा रोजगारीको संख्या केही घटेको देखिए तापनि, स्वास्थ्य तथा सामाजिक सेवा साथै व्यवसाय व्यवस्थापन सेवा जस्ता क्षेत्रहरूमा भने रोजगारीमा सानो तर सकारात्मक वृद्धि भएको देखिन्छ ।एजेन्सी

# चाडपर्वमा निकुञ्जको सुरक्षामा कडाइ

**चितवन।**
चाडपर्वको समयमा हुन सक्ने चोरीसिकारीलाई मध्यनजर गर्दै चितवन राष्ट्रिय निकुञ्जको सुरक्षामा कडाइ गरिएको छ।
कामका सिलसिलामा विदेश वा जिल्ला बाहिर रहेका व्यक्तिहरु आउने क्रम बढेसँगै निकुञ्ज सुरक्षामा चुनौती थपिने गर्दछ।
यही समयमा तस्करीहरुले योजना बनाउन सक्ने भएकाले निकुञ्जको सुरक्षालाई आकलन गरी सुरक्षा व्यवस्था कडाइ गरिएको हो । निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार निकुञ्ज क्षेत्र भित्रका ३२ वटा सिसि क्यामेरा मर्मत गरी सञ्चालनमा ल्याइएको छ । उनले भने, 'चाडपर्वको समयमा हुन सक्ने सम्भावित चोरीसिकारीलाई नियन्त्रण गर्न सुरक्षा व्यवस्था कडा पारिएको छ।' चाडपर्व लक्षित सुरक्षाका लागि हात्ती, पैदल, छोटो तथा लामो दुरीको गस्ती गरिने छ।
निकुञ्ज भित्रका ५७ वटा पोष्टहरुलाई सक्रिय बनाइएको उनले जानकारी दिए । उनले भने, 'चेकपोष्ट र निकुञ्ज क्षेत्रमा बसोबास गर्ने सबैलाई चनाखो रहन आग्रह गरिएको छ ।' वन्यजन्तु संरक्षणका लागि बनाईएका समुदाय स्तरका क्लबहरुलाई सचेतना जगाइएको उनले जानकारी दिए।
९५२ दशमलव ६३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस निकुञ्जमा हरेक वर्ष चाडपर्वको समयमा तस्करहरु आउने गरेकाले यस वर्ष उच्च सतर्कता बढाइएको उनले बताए।रासस

# दैलेख अस्पतालमा बिरामीको बढ्दो चाप



**दैलेख ।**
जिल्ला अस्पताल दैलेखमा बिरामीलाई भुइँमै राखेर उपचार गर्न थालिएको छ । शय्या (बेड) अभावले बिरामीलाई यसरी उपचार गर्नुपर्ने बाध्यता छ ।
बिरामीको बढ्दो चापलाई ख्याल गर्दै जीर्ण संरचनामा अस्पतालले विगत केही वर्षयता ६५ शय्या सञ्चालनमा ल्याएको छ । तर दैनिक एक सय ५० भन्दा बढी बिरामी उपचार गर्न आउन थालेपछि समस्या भएको जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख मनोज विश्वकर्माले बताए ।
'संरचना अभावमा बेड राख्ने ठाउँ छैन, बिरामीलाई भुइँमा म्याट र कुर्चीे राखेर उपचार गर्नुपर्ने बाध्यता छ', उनले भने । नयाँ भवन निर्माण गर्न थालेको चार वर्ष भएपनि सम्पन्न हुन सकेको छैन । कर्णाली प्रदेश सरकारको १८ करोड २४ लाख रुपैयाँको लागतमा उक्त भवन बन्दै छ । भवन तीन वर्षभित्र निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता रहेको प्रमुख विश्वकर्माले बताए ।
अस्पताल भवन निर्माणको सम्पूर्ण प्राविधिक पक्ष हेर्दै आएको सघन सहरी तथा भवन निर्माण आयोजना जुम्ला र निर्माणमा संलग्न क्याराभान सुपरस्टार जेभी निर्माण कम्पनीको लापरवाहीले भवन समयमै नबनेको आरोप छ । निर्माणमा संलग्न कम्पनीका सञ्चालक तारा शाहले विभिन्न कानुनी अल्झन तथा रुख कटानको समस्याले समयमै भवन निर्माण कार्यले गति लिन नसकेको बताए ।
जिल्ला अस्पताल विकास समितिका अध्यक्ष क्षेत्रप्रताप सुवेदीले गत वर्ष जेठभित्र भवन निर्मार्ण गरिसक्नुपर्ने सम्झौता रहेको बताए । उनले भवन निर्माण गर्न पटक पटक म्याद थप गर्न नसकिने बताए ।रासस

# चितवनमा ६ जनामा औलोको सङ्क्रमण

**चितवन ।**
जिल्लाका विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये ६ जनामा औलो रोगको सङ्क्रमण देखिएको छ । चालु आर्थिक वर्षको साउनयता उनीहरूमा यो रोगको सङ्क्रमण देखिएको हो । जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार यो रोगको सङ्क्रमण भेटिनेमा तीन जना भरतपुर महानगर पालिकाका छन् भने दुई जना खैरहनी नगरपालिकाका र एक जना राप्ती नगरपालिकाका छन् । सङ्क्रमित ३४ देखि ४४ वर्ष उमेर समूहका रहेका कार्यालयका प्रमुख दिनेश रुपाखेतीले जानकारी दिए । उनका अनुसार विभिन्न देशमा र नेपालका विभिन्न जिल्लामा रोजगारीका सिलसिलामा गएर फर्किएकामा यो रोगको सङ्क्रमण देखिएको हो ।
'भारतबाट आएका चार, दक्षिण कोरियाबाट फर्किएका एक र सुनसरीबाट फर्किएका एक जनामा औलो रोगको सङ्क्रमण देखिएको हो', प्रमुख रुपाखेतीले भने । जिल्लामा गत आर्थिक वर्षमा १० जनामा औलो रोगको सङ्क्रमण देखिएको थियो । विगत चार वर्षदेखि जिल्लामा नै रहेका व्यक्तिमा यो रोगको सङ्क्रमण नदेखिएको उनले बताए । औलो रोग पोथी लामखुट्टेले टोक्दा सर्ने गर्दछ ।रासस

# धवलागिरि आरोहण गर्न २४ जनालाई अनुमति

**म्याग्दी।**
सन् २०२५ को चालु शरदयाममा म्याग्दीस्थित धवलागिरि हिमाल आरोहणका लागि २४ जनाले अनुमति लिएका छन् । विश्वको सातौँ (आठ हजार १६७ मिटर) अग्लो धवलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका–४ मा पर्दछ।
पर्यटन विभागका अनुसार धवलागिरि आरोहणको अनुमति लिएकाबाट ५० लाख ७१ हजार रुपैयाँ सलामी दस्तुर (शुल्क) प्राप्त भएको छ । शरदयाममा सगरमाथाबाहेक आठ हजार मिटर अग्ला हिमाल आरोहण गर्न चाहने विदेशीले प्रतिआरोही नौ सय डलर सलामी दस्तुर तिर्नुपर्छ । अन्य साना हिमालका लागि न्यूनतम एक सय २५ देखि अधिकतम चार सयसम्म सलामी



दस्तुर तिर्नुपर्ने व्यवस्था छ । विभागले पछिल्लोपटक सार्वजनिक गरेको तथ्याङ्कअनुसार गोरखामा रहेको (आठ हजार १६३ मिटर अग्लो) मनास्लु हिमाल आरोहणका लागि तीन सय ७४ जनाले अनुमति लिएका छन्।
शरदयामका आरोहीहरूको रोजाइमा मनास्लु हिमाल पर्ने गरेको छ । आरोहण अनुमति लिनेको संख्यामा धवलागिरि दोस्रो स्थानमा रहेको छ । आरोही, शेर्पा, पथप्रदर्शक, भरिया र सहयोगी आधार शिविर पुग्न थालेका इटली आधार शिविरका होटल व्यवसायीसमेत रहेका धवलागिरि–४ का वडासदस्य हरिप्रसाद तिलिजाले बताए । यसपालि आरोहण टोली मुस्ताङको मार्फादेखि याकखर्क हुँदै आधार शिविरतर्फ गएका छन् । धवलागिरि गाउँपालिकाको मुदी बगर हुँदै जाने पदमार्ग बिग्रिएको, घुमाउरो र टाढा पर्ने भएकाले मुस्ताङको पदमार्ग प्रयोग गरेर गएका हुन्।
गत वसन्तयाममा दुई समूहका १५ जनाले आरोहण अनुमति लिएबापत ३६ लाख ९१ हजार रुपैयाँ राजस्व सङ्कलन भएको थियो। सन् २०२४ को शरदयाममा एउटा समूहका १४ पुरुष पर्वतारोहीले आरोहणको अनुमति लिएकामा रुसका पाँच जनाको हिउँपहिरोमा पुरिएर ज्यान गएको थियो । छिनछिनमा परिवर्तन हुने मौसम धवलागिरि आरोहणका लागि चुनौती बन्ने गर्छ । अन्य हिमालको तुलनामा धवलागिरि आरोहणलाई जोखिमयुक्त र साहसिक मानिन्छ। सन् १९६० मे १३ मा अस्ट्रियाका कुर्ट डिम्बर्गरले पहिलोपटक धवलागिरि हिमालको सफल आरोहण गर्नुभएको थियो । डिम्बर्गरसहित पिटर डियनर, एन्स्ट फोरर, एल्बिन सेल्वर्ट, निमा दोर्ज र नवाङ दोर्ज पहिलोपटक धवलागिरिको चुचुरोमा पुग्नुभएको थियो।रासस

# 'बर्थिङ सेन्टर' पुग्न दुई घण्टा पैदल हिँड्नुपर्ने

**कञ्चनपुर।**
भीमदत्त नगरपालिका–९ खल्ला मसेट्टी क्षेत्रका गर्भवती नजिकमा प्रसूति सेवासहितको स्वास्थ्य संस्था नहुँदा घरमा नै सुत्केरी हुन बाध्य छन् ।बस्तीबाट आठ किलोमिटर टाढा ब्रह्मदेवमा 'बर्थिङ सेन्टर' रहेको भए पनि जोखिमपूर्ण कच्ची बाटो पार गरेर जानुपर्ने भएकाले सेवा पाउन मुस्किल पर्छ। बर्थिङ सेन्टर पुग्न दुई घण्टाको पैदल जानुपर्ने भएकाले घरमै सुत्केरी हुनुको विकल्प नरहेको यहाँका स्थानीय बताउँछन् । गर्भवतीलाई नियमित चेकजाँच गराउने र अनिवार्य सुत्केरी स्वास्थ्य संस्थामा नै गराउनुपर्ने सरकारी मान्यता भए पनि यहाँ लागू हुन सकेको छैन। यहाँ यातायातको सहज पहुँच नहुँदा गर्भवतीलाई 'स्टेचर'मा बोकेर स्वास्थ्य संस्थामा पुगाउनुपर्ने बाध्यता छ।
कतिपय गर्भवती बाटोमा नै सुत्केरी भएर फर्काउन बाध्य भएको यहाँका स्वास्थ्य स्वयंसेविका विमला बमले जानकारी दिए । 'केहीलेकाँही नवजातशिशुहरु बाटोमा नै जन्मिएका छन्, बाध्यता छ के गर्नु गाउँमा बर्थिङ सेन्टर छैन,' उनले भनिन, 'बर्थिङ सेन्टर पुग्न दुई घण्टा पैदल जार्नुपर्छ यातायातको सुविधा छैन।' सरकारले घरमा सुत्केरी हुने दर शून्यमा अभियान चलाएको छ। नियमित चारपटक गर्भजाँच गर्नुपर्ने र त्योबापत ७०० रुपैयाँ समेत दिने व्यवस्था गरेको छ। सुत्केरी स्वास्थ्य संस्थामा गराएबापत तीन हजार रुपैयाँ यातायात खर्चस्वरुप पाउने प्रावधान पनि छ । तर यहाँका गर्भवतीहरु स्वास्थ्य संस्थामा सुत्केरी हुन नै पाएका छैनन् ।



'कच्ची सडक छ हिउँदमा त एम्बुलेन्स आउँछ जसोतसो स्वास्थ्य संस्थामा पुगिन्छ ।' यहाँका स्थानीय रेखा विकले भनिन, 'नियमित चेकजाँचका पनि हामीले दुई घण्टा पैदल जानुपर्छ।' उक्त बस्तीमा गाउँघर क्लिनिक स्थापना गरिएको छ । उक्त क्लिनिकमा एक जना अनमी, अहेब र एक जना कार्यालय सहयोगी छन् । क्लिनिकमा कार्यरत अनमी ममता महता सुत्केरी बिदामा गएपछि पुनः हाजिर हुनुभएको छैन । उनले काज मिलाएर अन्तै गएपछि यहाँका बालबालिकालाई खोप र भिटामिन खुवाउन समेत समस्या भएको छ । अहिले खोप र भिटामिनका लागि ब्रह्मदेव स्वास्थ्य केन्द्रबाट महिनामा एक पटक अनमी आएर सेवा दिने गरेको गाउँघर क्लिनिकमा अहेब नारायण बोहराले जानकारी दिए।
'यहाँ बाटोको समस्या छ, सुत्केरी हुन स्टेचरमा बोकेर पाँच किलोमिटर टाढा लग्नुपर्ने बाध्यता छ,' बोहराले भने, 'यहाँ त खानेपानीको सुविधा समेत छैन म घरबाट पानी बोकेर आउँछु।' उनका अनुसार उक्त क्लिनिकमा कार्यरत अनमी सुत्केरी बिदामा गएको डेढ वर्ष भइसकेको छ । उनको स्थानमा अर्को कर्मचारी नखटाउँदा बालबालिको खोप र गर्भवती जाँचमा निकै समस्या हुने गरेको छ । 'ब्रह्मदेव स्वास्थ्य केन्द्रबाट दुई घण्टा पैदल आएर यहाँ खोप सेवा दिनुपरेको छ, पालिकाले अर्को कर्मचारी खटाएको छैन,' उनले भने, 'पालिकामा धेरै पटक आग्रह गरेका छौँ अब पठाउनु हुन्छ होला ।' उनका अनुसार दैनिक २५–३० जना सेवाग्राही आउने गरेका छन्। यहाँका स्थानीयले घर नजिकै बर्थिङ सेन्टर स्थापना गरेर सुरक्षित रुपमा स्वास्थ्य संस्थामा सुत्केरी हुन पाउने अधिकार सुनिश्चित गर्न माग गरेका छन्।
सुगम जिल्ला भनेर चिनिने कञ्चनपुर भित्रै रहेको यो बस्तीमा विकासका आधारभूत सुविधाबाट वञ्चित छ । यहाँसम्म पुग्ने पक्की बाटो छैन, स्वास्थ्य, शिक्षा, विद्युत् र खानेपानीजस्ता आधारभूत सेवा पाउनसमेत मुस्किल पर्ने यहाँको जनजीवन कष्टकर छ । सदरमुकामदेखि २० किलोमिटर उत्तरतर्फ अवस्थित यस बस्ती जोखिमपूर्ण कच्ची बाटो पार गरेर मात्र पुग्न सकिन्छ। रासस

# सार्वजनिक जग्गा व्यवस्थित गरिँदै

**पाल्पा।**
सार्वजनिक जग्गा नागरिकको साझा सम्पत्ति भए पनि व्यक्तिगत रूपमा लाभ उठाउने कार्य भइरहेको छ । व्यक्तिगत प्रयोजनका लागि सार्वजनिक जग्गा हडपेर भोगचलन गर्ने कार्य कायमै छ । उद्यान, चौतारी, सडक, धार्मिकस्थल, ताल, पर्यटन विकासलगायतका विकास नागरिक हितका हुन् । यस्ता कार्यमा चासो र चिन्तन भने कमै हुने गरेको छ।
तर रामपुर नगरपालिकाले नागरिक हित र नगरको विकासका लागि व्यक्तिले वर्षौंदेखि भोगचलन गर्दै आएका सार्वजनिक जग्गा छुट्याएर विभिन्न संरचना निर्माणमा जोड दिएको छ । सार्वजनिक जग्गा संरक्षणका लागि नगर सरकार तदारुकताका साथ लागेको छ । नगरपालिकाले १० वटै वडामा रहेका सार्वजनिक जग्गा छुट्याउने कार्य गरिरहेको छ । हाललाई सबैभन्दा ठूलो मानव बस्ती रहेको वडा नं ५ मा मिचिएका सार्वजनिक जग्गा नाप नक्साङ्कन गरेर छुट्याइएको छ ।
रामपुर–५ भित्र पर्ने मटेरी ठूलोटार, इलाका प्रहरी कार्यालय, सानीअमराई क्षेत्र, बहखोला, भम्बक आर्मिक्याम्प, सिमलघारी बसपार्क, नहरअफिस, आयुर्वेद अस्पताल क्षेत्रमा रहेका सार्वजनिक जग्गा छुट्याउने कार्य भएको छ । यी क्षेत्रलाई व्यवस्थित बनाउँदै लगिएको छ । व्यक्तिले सार्वजनिक जग्गा मिचेर भोगचलन गर्दै आएका जग्गा छुट्टयाएर पिल्लर गाड्ने, वृक्षरोपण, सडक, उद्यान निर्माण, सौन्दर्यकरणजस्ता काम भइरहेको वडाध्यक्ष दुर्गाप्रसाद पोखरेलले बताए।
'वर्षौंदेखि व्यक्तिले भोगचलन गरेको जग्गा छुट्याएर काम गर्न चुनौती झेल्नुपर्यो, सार्वजनिक जग्गा अधिकरण गरेर व्यक्तिले लाभ लिएको जग्गा अहिले नाप नक्साङ्कन गरेर राखिएको छ',



वडाध्यक्ष पोखरेलले भने, 'नक्साअनुसार काम गरिएको छ, यस कार्यमा स्थानीयसँग धेरै विवाद सामना गर्नुपर्यो, अहिले हाम्रो वडामा सार्वजनिक जग्गा अतिक्रमण गर्ने समस्या समाधान भएको छ।'
मटेरी ठूलोटार क्षेत्रमा चारैतिर ३८ वटा पिलर गाडेर सार्वजनिक जग्गा छुट्याइएको छ । इलाका प्रहरी कार्यालय, रामतुलसी नमूना माविको खेलमैदान र व्यक्तिको विवादित बनेको जग्गा छुट्याएर वर्षौंदेखि समस्या समाधानका लागि पिलर गाडेर राखिएको छ । इलाका प्रहरी कार्यालयको पश्चिम क्षेत्रमा रहेको भान्साघर परिसरसम्म सार्वजनिक जग्गा रहेको पाइएपछि अब सो क्षेत्रमा नयाँ स्थायी संरचना बनाउन नपाउनेगरी पिलर गाडेर जग्गा छुट्याउने काम सकिएको वडाध्यक्ष पोखरेल बताउछन।
व्यक्तिले अतिक्रमण गरेर प्रयोग गरेका सार्वजनिक जग्गालाई नाप नक्साङ्कन गरेर सो क्षेत्रमा अहिले मनोरञ्जन उद्यान, व्यायामशाला, सडक निर्माण तथा विस्तार, वृक्षरोपणजस्ता कार्य हुन थालेपछि रामपुरको स्वरुप फेरिँदै गएको छ।
रामपुर नगरपालिकाले २०८० सालदेखि सार्वजनिक जग्गा संरक्षण अभियान थालेको हो। नगरपालिकाले बजेट नै विनियोजन गरेर यो कार्य गरिरहेको छ । नगरपालिकाले पहिलो र दोस्रो वर्ष पाँच–पाँच लाख रुपैयाँ, वडा नं ५ कार्यालयले वडाभित्रका सार्वजनिक जग्गा छुट्याउनका लागि पहिलो वर्ष एक लाख रुपैयाँ रकम विनियोजन गरेर काम गरेको वडाध्यक्ष पोखरेलले जनाए।
नगरले राष्ट्रिय गौरवका योजनाबाट सार्वजनिक जग्गा छुट्याउने कार्य थालनी गरेको नगरप्रमुख रमणबहादुर थापाले बताए। नगर गौरवका योजना चलेका स्थानमा व्यक्तिले हडपेका सार्वजनिक जग्गामा बनेका संरचना हटाएर पर्यटन विकास, बालउद्यान, खेलमैदान स्तरोन्नति गर्दै सौन्दर्यकरण गर्दै लैजाने नगरप्रमुख थापा बताउछन।
'कसैले पनि व्यक्तिगत रूपमा आफूलाई लाभ लिने उद्देश्यले सार्वजनिक जग्गा अतिक्रमण गर्न पाइँदैन, त्यस्ता जग्गा पहिचान गरेर नगरपालिकाको हित हुने र सर्वसाधारण, समुदायले प्रत्यक्ष लाभ लिने खालका पूर्वाधार विकास गर्दै जान्छौँ, सार्वजनिक जग्गा छुट्याउने कार्यलाई नगरले जोड दिएको छ', नगरप्रमुख थापाले भने।
रामपुरभित्र रहेका सार्वजनिक र निजी जग्गा छुट्याउनुपर्ने र त्यसलाई वर्गीकरण गरी सार्वजनिक जग्गा संरक्षण गरिनुपर्ने नगरवासीको मागअनुसार काम भइरहेको छ।
सार्वजनिक जग्गा संरक्षण अभियानमा नगरवासीले साथ दिएका छन्। पहिले नै गर्नुपर्ने काम नगर्दा अहिलेको अवस्थामा सार्वजनिक जग्गा संरक्षण गर्न अप्ठ्यारो परेको छ। रामपुरमा तत्कालीन गाउँ पञ्चायत र गाउँ विकास समितिले जग्गा बिक्री गर्न थालेपछि सार्वजनिक जग्गा व्यवस्थापनमा चुनौती थपिँदै आएको थियो। रासस

# १५ वर्षीय बालकको अपहरणपछि हत्या
## आठ जना नियन्त्रणमा



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको गोलबजार नगरपालिका–१३ भेल्हा डंगराहामा आइतबार राति हराएका १५ वर्षीय बालक अभिषेक सिंहको शव मंगलबार बिहान गाउँ नजिकैको आँपको बगैंचामा फेला परेको छ । अपहरण र हत्यामा संलग्न भएको आशंकामा प्रहरीले आठ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान शुरु गरेको छ । हत्या गरिएका अभिषेक स्थानीय संजय सिंहका छोरा हुन् ।

उनी आइतबार राति करिब ८ बजेदेखि बेपत्ता भएका थिए । परिवारजनले रातभरि खोजतलास गरे पनि कतै पत्ता लागेन । सोमबार बिहान करिब ८ बजे अभिषेकको मोबाइलबाट आमाको मोबाइलमा सन्देश आएको थियो । सन्देशमा उनको अपहरण भएको उल्लेख गर्दै फिरौतीको माग गरिएको थियो । तर, मंगलबार बिहान गाउँकै छेउमा शव भेटिएपछि अपहरणपछि हत्या गरिएको स्पष्ट भएको प्रहरीको भनाइ छ । जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी निरीक्षक धर्मेशकुमार यादवले भने, 'शव भेटिएका आधार र प्रारम्भिक तथ्यले अभिषेककै नजिकका आफन्त वा छिमेकी संलग्न हुनसक्ने देखिन्छ ।'

प्रहरीले घटनास्थल गाउँकै छेउमा भएको र शव पनि छिमेकमै फेला परेको कारणलाई आधार मानेर आफन्त तथा छरछिमेकलाई प्रारम्भिक घेरामा राखेको छ । सोही कारण आठ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान शुरु गरिएको भए पनि नाम सार्वजनिक गरिएको छैन । प्रहरी निरीक्षक यादवले भने, 'अनुसन्धान प्रारम्भिक चरणमै छ, त्यसैले हाल पक्राउ परेकाहरूको नाम खुलाइएको छैन । घटनाको प्रकृति हेर्दा यो केवल आर्थिक फिरौतीकै लागि मात्र नभई अन्य व्यक्तिगत वा पारिवारिक कारण पनि हुनसक्ने देखिन्छ ।' बालकको हत्या भएपछि गाउँमा ठूलो त्रास फैलिएको छ । स्थानीयवासी आक्रोशित बनेका छन् भने मृतक अभिषेकका परिवार शोकमा डुबेका छन् । पीडित परिवारले दोषीलाई सार्वजनिक गरी कडा कारबाही गर्न माग गरेका छन् ।

प्रहरीका अनुसार अपहरणपछि हत्या योजनाबद्ध ढंगले गरिएको हुनसक्ने देखिएको छ । शवको अवस्था, घटनास्थलको विवरण र संकलित प्रमाणका आधारमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# जनकपुरधाम उपमहानगरपालिकाका कर्मचारीहरूले गरे पेन डाउन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाका कर्मचारीहरूले उपमेयर किशोरी साहको व्यवहारविरुद्ध मंगलबार कार्यालय बन्द गर्दै पेन डाउन गरेका छन् । उपमेयरले सोमबार मदिरा सेवन गरेर कर्मचारीप्रति अशोभनीय भाषा प्रयोग गरेको आरोप लगाइएको छ । प्रत्येक वर्षझैं सोमबार उपमहानगर पालिकाबाट कलश यात्रा निकालिएको थियो । सो यात्रा सम्पन्न भएपछि महिला कर्मचारीसहितका कर्मचारी पालिका प्राङ्गणमा टेन्टमुनि आराम गरिरहेका बेला उपमेयर साह त्यहाँ पुगेका थिए । भण्डारण महाशाखाका प्रमुख गणेश यादवका अनुसार उपमेयर साहले आफूलाई सम्मान नगरेको र आदेश नमान्ने गरेको भन्दै कर्मचारीलाई जथाभावी गाली गर्न थाले । यादवले भने, 'उपमेयरले अनुचित व्यवहार गरेपछि कर्मचारीहरूले विरोध जनाउँदा उनी अझै उग्र बनेर कुर्सीसमेत उठाएर हिर्काउन खोजे ।' कर्मचारीहरूले उपमेयर साहले मेयर मनोजकुमार साहलाई समेत अपशब्द प्रयोग गरेको दाबी गरेका छन् ।

यसले कार्यालयभित्र थप असन्तुष्टि चुलिएको छ । घटनापछि कर्मचारीहरूले उपमेयर किशोरी साहविरुद्ध सार्वजनिक अपराध मुद्दा दायर गर्ने निर्णय गरेका छन् । भण्डारण महाशाखा प्रमुख यादवले भने, 'कर्मचारीहरूको सुरक्षा र सम्मानसँग सम्झौता गर्न सकिँदैन । अब कानूनी बाटो अवलम्बन गर्ने निर्णयमा पुगेका छौँ ।' पेन डाउनका कारण मंगलबार उपमहानगरपालिकाको नियमित सेवा प्रभावित भएको छ । सेवाग्राहीहरू बिहानदेखि नै कार्यलयमा पुगे पनि धेरैजसो कामकाज रोकिएको थियो । कर्मचारीहरूले सामूहिक विरोध गर्दै यस्ता घटनाले कार्य वातावरणलाई अस्वस्थ बनाउने बताएका छन् । उनीहरूले यथाशीघ्र दोषीमाथि कारबाही नभए अझ कडा आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

# वीरगंज नाका हुँदै २६ अर्बको पेट्रोलियम पदार्थ आयात



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज नाका हुँदै चालु आर्थिक वर्ष २०८२/८३ को दुई महिनामा २६ अर्ब ३३ करोड बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । सो अवधिमा डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयात गरिएको हो । गत आवको दुई महिनाको तुलनामा चालु आवको दुई महिनामा उक्त नाका हुँदै एक अर्ब ७६ करोड बढीको पेट्रोलियम पदार्थ आयात गरिएको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले जानकारी दिए ।

सो अवधिमा आयात बढेसँगै एक अर्ब २९ करोड बढी राजस्वसमेत सङ्कलन भएको छ । 'यहाँको राजस्वको मुख्य आधार पेट्रोलियम पदार्थ र सवारीसाधन आयात हो', प्रमुख भन्सार प्रशासक ज्ञवालीले भने । गत आवको दुई महिनाको अवधिमा पेट्रोलियम पदार्थ आयातबाट कार्यालयले नौ अर्ब ८९ करोड राजस्व सङ्कलन गरेको थियो । त्यस्तै चालु आवको दुई महिनामा पेट्रोलियम पदार्थबाट ११ अर्ब १८ करोड सङ्कलन गरेको छ । चालु आवको दुई महिनामा ११ अर्ब ९१ करोडको एक लाख ३२ हजार आठ सय २४ किलोलिटर डिजेल आयात गर्दा पाँच अर्ब २८ करोड राजस्व सङ्कलन भएको छ । गत आवको सोही अवधिमा १० अर्ब ४५ करोड मूल्यको डिजेल आयात हुँदा चार अर्ब ५१ करोड राजस्व सङ्कलन भएको प्रमुख भन्सार प्रशासक ज्ञवालीले बताए ।

चालु आवको दुई महिनामा ६ अर्ब ८२ करोडको ८० हजार ५६० किलोलिटर पेट्रोल आयात हुँदा कार्यालयले चार अर्ब ५४ करोड राजस्व सङ्कलन गरेको छ । गत आवको सोही अवधिमा भने ६ अर्ब ४० करोडको ६९ हजार ६४७ किलोलिटर पेट्रोल आयात हुँदा तीन अर्ब ९९ करोड राजस्व सङ्कलन भएको थियो । त्यस्तै चालु आवको दुई महिनामा पाँच अर्ब १२ करोडको चार करोड ९५ लाख ६६ हजार ६६४ किलो एलपी ग्यास आयात हुँदा ९६ करोड राजस्व सङ्कलन भएको छ । गत आवको सोही अवधिमा भने पाँच अर्ब ३६ करोडको चार करोड ९७ लाख ५५ हजार १९४ किलो एलपी ग्यास आयात हुँदा एक अर्ब राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ । रासस

# सुरक्षा निकायका कार्यालयमा ३१ लाख भन्दा बढीको क्षति



**मधेशदृष्टि**
**सप्तरी ।**
जेन्जीले गरेको प्रदर्शन हिंसात्मक भइ तोडफोड र आगजनीबाट सप्तरी जिल्लाको सुरक्षा निकायका कार्यालयमा मात्रै लाखौंको क्षति भएको छ । जिल्लाका विभिन्न स्थानमा रहेका प्रहरी कार्यालय तथा युनिटहरुमा तोडफोड र आगजनीबाट लाखौंको क्षति भएको हो । भदौ २४ मा जेन्जीले थालेको प्रदर्शनको क्रममा जिल्लाको विभिन्न स्थानमा रहेको प्रहरी कार्यालय र युनिटमा भएको तोडफोड र आगजनीबाट ३१ लाख ८५ हजार रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । इलाका प्रहरी कार्यालय कल्याणपुरमा एक लाख, इलाका प्रहरी कार्यालय बोदेबर्साइनमा १२ लाख, प्रहरी चौकी मौवहामा ३५ हजार, जिल्ला अदालत समन्वय तथा सुरक्षा प्रहरी युनिटमा १५ लाख र उच्च अदालत जनकपुर राजविराज इजलाशमा रहेको सुरक्षा गार्ड युनिटमा ३५ हजार गरी कुल ३१ लाख ८५ हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

उनले सबैभन्दा बढी क्षति इलाका प्रहरी कार्यालय बोदेबर्साइन र जिल्ला अदालत सुरक्षा प्रहरी युनिटमा भएको जानकारी दिए । जिल्ला अदालतमा प्रहरीले लगाउने पोशाक, विस्तरा र बन्दोबस्तीका अन्य सामानसहित चार वटा मोटरसाईलसमेत जलेर नष्ट भएको उनले जानकारी दिए । यसरी नष्ट पारिएका प्रहरी कार्यालय र प्रहरी युनिटहरुको पुर्नस्थापनाको कार्य तिव्र गतिमा अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# चोरी निकासी रोक्न सीमाक्षेत्रमा कडाइ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा अवैध चोरी पैठारी र निकासी नियन्त्रण गर्न सुरक्षा व्यवस्था कडाइ गरिएको छ । चालु आर्थिक वर्षको दुई महिना बित्दा वीरगंज भन्सार कार्यालयले लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सकेन । भन्सार विभागले कार्यालयलाई चालु आवको दुई महिनामा ४३ अर्ब तीन करोड ११ लाख रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो । तर, कार्यालयले लक्ष्यको ९० दशमलव ९९ प्रतिशत अर्थात् ३९ अर्ब १५ करोड रुपैयाँ मात्रै राजस्व सङ्कलन गरेको हो । वीरगंज भन्सार कार्यालयका प्रमुख विष्णुप्रसाद ज्ञवालीले चोरी तस्करी नियन्त्रणका लागि सरोकारवाला निकायसँग समन्वय गरेर अघि बढ्ने बताए । पर्साको सीमा क्षेत्रमा हुने चोरी तस्करी रोक्न अग्रपंक्तिमा सशस्त्र प्रहरी बल नेपाल र दोस्रो तहमा नेपाल प्रहरी खटिएका हुन्छन् । वीरगंज भन्सार कार्यालय र पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयका अनुसार पर्सामा सबैभन्दा धेरै भन्सार छली हुने सामानमा महङ्गा खालका तयारी कपडा, थान कपडा, झ्यालको पर्दा, जुत्ता–चप्पल र तन्ना छन् । त्यसैगरी कुखुराको अण्डा, कुखुराको चल्ला र कुखुरा, माछा, सुक्खा सिध्रा माछा पनि भन्सार छली हुने गरेका छन् । मोबाइल, हार्डवेयर तथा बाथरुम फिटिङ्स, किचनका सामानहरु, रङरोगनका सामान पनि भारतीय सीमावर्ती बजारबाट धेरै भित्रिने गर्छन् ।

साइकल, मोटरसाइकलको टायर ट्युब, मोटरपार्टस, इलेक्ट्रिक उपकरण र तिनका पार्टपुर्जा भन्सार छली गरी नेपाल भित्रिने गर्छन् । पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयका प्रमुख हरिप्रसाद शर्माले बिलबीजक बिना मालवस्तु ओसार्ने प्रवृत्ति देखिएको बताए । 'भारतीय नागरिकले नेपालका कम आयआर्जन भएका नागरिकको नागरिकताको दुरुपयोग गरी विभिन्न फार्महरु दर्ता गरी त्यहीमार्फत तस्करी गर्ने पनि विभिन्न समयमा भेट्टिएको छ,' उनले भने, 'नेपाल÷भारतका नागरिक–एउटाले तस्करीका सामान ओसार्ने र त्यसलाई वैधता दिन बिल मात्र किन्ने, बिलको किनबेच खालका पनि गतिविधि बेलाबखतमा देखिएको छ ।' प्रमुख शर्माले भन्सारमा गलत घोषणा, मूल्य÷तौल कम गरी आयात–निर्यात हुने गरेको बताए । पर्साको शहरी र ग्रामीण क्षेत्रमा चाडपर्व लक्षित तथा जेन्जीको प्रदर्शनका अवधिमा पनि केही स्थानमा चोरी तस्करी भएको गुनासो आएको छ । पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले जेनजी प्रदर्शनका क्रममा बजार केन्द्रित सुरक्षा दिएकामा त्यसपछि ग्रामीण क्षेत्रमा सुरक्षा केन्द्रित गरिएको बताए । उनले भने, 'सङ्गठित रुपमा अवैध चोरी पैठारी तथा निकासी गर्नेलाई कडाइ गर्दै आइरहेका छौँ ।' यद्यपि पर्साको अलौँ, अमरपट्टि, भिष्वा, सिर्सिया, जानकीटोलालगायत स्थानमा धेरै चोरी तस्करी हुने गरेको छ । जिल्ला प्रहरी मातहत ७१ वटा प्रहरी युनिट छन् । त्यसैगरी सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेड क्वार्टर पर्सामा छ । सो मातहत प्रस्तावित सीमा सुरक्षा गुल्म पाँचवटा छन् । बोर्डर आउट पोष्ट १२ र एफओवी तीन र सुरक्षा बेस भने नौवटा छन् । सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेडक्वाटर पर्साका गणपति पुरनचन्द्र भट्टले ग्रामीण क्षेत्रमा हुन सक्ने चोरी तस्करी नियन्त्रणका लागि रातको समयमा पनि गस्ती बढाउँदै आइरहेको उल्लेख गरे । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी किशोर लम्सालले चोरी तस्करी र नियन्त्रणका लागि प्रभावकारी ढङ्गले काम गर्दै आइरहेको दाबी गरे । रासस


जनकपुरधाम उद्योग वाणिज्य संघ
जनकपुरधाम, धनुषा
स्था.: २००९

दशैं बजार सम्बन्धित सुचना

दशैं, दिपावली तथा छठपर्व २०८२ को शुभ अवसरमा यहि मिति २०८२ साल असोज ०६ गते देखी १४ गतेसम्म स्थानिय गोपाल धर्मशालामा लाग्ने दशैं बजार २०८२ (सस्तो बजार) सुरु भईसकेको छ । तसर्थ यस बजारबाट आ-आफ्नो आवश्यकताको दैनिक उपभोग्य सामान खरीद गरी मौकाको फाईदा उठाउनु हुन सबैमा जानकारीको लागि अनुरोध छ ।

फुलदेव पंडित
महासचिव
तथा
सुरेन्द्र कुमार भण्डारी
अध्यक्ष

जनकपुरधाम उद्योग वाणिज्य संघ (परिवार)
जनकपुरधाम, फोन नं. ०४१-५९०२२१


# आगजनीमा परेर घाइते भएकी महिलाको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
जेन्जी आन्दोलनका क्रममा वीरगंजमा नेपाली काँग्रेसका केन्द्रीय सदस्य अनिल रुङ्टाको घरमा भएको आगजनीमा परेर घाइते भएकी एक महिलाको मृत्यु भएको छ । आगजनीमा परेर घाइते भएका दुई जनामध्ये पर्साको सखुवाप्रसौनी गाउँपालिका–२ निवासी ४५ वर्षीया शोशिला देवी हजराको मृत्यु भएको हो । रुङ्टाको घरमा काम गर्ने उनको आगलागीमा शरीरको ५० प्रतिशत भाग जलेको थियो ।

घटनापछि उनलाई तत्काल वीरगंजस्थित नेशनल मेडिकल कलेजमा भर्ना गरिएको थियो । तर, उपचार सम्भव नभएपछि काठमाडौँको कीर्तिपुरस्थित बर्न अस्पताल रेफर गरिएको थियो । त्यहाँ उपचारका क्रममा सोमबार उनको मृत्यु भएको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जानकारी दिए । यसैबीच, मृतक शोशिला देवी हजराको परिवारलाई पर्साको सखुवाप्रसौनी गाउँपालिकाले एक लाख रुपैयाँ क्षतिपूर्ति प्रदान गर्ने घोषणा गरेको छ । गाउँपालिका अध्यक्ष यसवन्त यादवले सखुवाप्रसौनी गाउँपालिका–२ निवासी ४५ वर्षीय शोशिलाको परिवारलाई सहयोग गर्न एक लाख रुपैयाँ उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे ।

यस्तै, आगजनीमा भारत बिहारको सुगौली निवासी १८ वर्षीय विनय यादव पनि गम्भीर घाइते भएका छन् । उनको शरीरको ९० प्रतिशत भाग जलेको प्रहरीले जनाएको छ । यादवको स्वास्थ्यमा सुधार भइरहेको अस्पताल स्रोतलाई उद्धृत गर्दै प्रहरी नायब उपरीक्षक लम्सालले बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन